बुद्ध र बुद्धधर्म



- भिक्षु संघरक्षित स्थविर
'सद्धम्म कोविद'

सत्यसन्देश प्रचारक प्रकाशन- ०६०
धर्मदेशना प्रकाशनमाला- ०३



बुद्ध र बुद्धधर्म

भिक्षु संघरक्षित स्थविर
"परियत्ति सद्धम्म कोविद"
(४६७१६२३)

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौं

Spiritual Preaching Publication, Kathmandu

Post Box No. : 11616, Kathmandu, Nepal

Email: sangha1000@hotmail.com, sangha1000@yahoo.com

Phone: 4671623/ 9841295242/ 9813602799, **Fax:** 01-4671623

धर्मदेशना प्रकाशनमाला– ०३

कम्प्यूटर/ले-आउटः सत्यसन्देश डेस्क (सन्जु महर्जन)

कभर डिजाइनरः भिक्षु संघरक्षित

प्रकाशनः बु.सं. २५५५, वि.सं. २०६८ ज्येष्ठ
ने.सं. ११३१, इ.सं. २०११ मे

प्रथमावृत्तिः ३००० प्रति मात्र।

मूल्यः धर्मदान

(**This book is for free distribution, not for sale.**)

मुद्रणः सिद्धार्थ प्रिन्टिंग प्रेश, कनिबहाल–६, ललितपुर।

"Buddha and Buddhadharma" by:
Bhikshu Sangharakshit "Saddhamma Kovid"

Published by:
Spiritual Preaching Publication-060, Ktm.
[Dhamma-Preaching publication]

Cover Design by:
Bhikshu Sangharakshit

Printed at:
Siddhartha Printing Press, Lalitpur



ISBN: 978-9937-8127-5-7

प्रकाशकीय

☛ धर्म गर्नेलाई धर्मले रक्षा गर्दछ, यो बुद्धवचन हो ।

☛ मनले राम्रो चिताउनुपर्छ, त्यसैअनुसार परिश्रम र मेहेनत गर्नुपर्छ, त्यसलाई पूरा हुन बेर लाग्दैन ।

☛ बुद्धको जन्मभूमि यो देश नेपालमा धेरै मानिसलाई बुद्धको अमूल्य उपदेशहरू देखाउनु, बुझाउनु, सम्झाउनु अनि राम्रो बाटो पहिल्याइदिनु जस्ता प्रमुख उद्देश्य लिएर हाम्रो प्रकाशनले निरन्तर उपयोगी, लाभदायी पुस्तक-पुस्तिकाहरू प्रकाशन गरिरहेको छ ।

☛ हालसम्म हाम्रो यो सत्यसन्देश प्रचारक प्रकाशनबाट ६० वटा पुस्तकहरू प्रकाशित भइसकेको छ । यसरी नै, धर्मदेशना प्रकाशनमालाबाट तेस्रो पुस्तकका रूपमा यो पुस्तक प्रकाशित भइरहेको छ ।

☛ जीवनमा नभइनहुने अनि जीवनलाई सही रूपमा सफल र सार्थक बनाउन पनि अत्यावश्यक हुने बुद्धोपदेशलाई पुस्तकका रूपमा प्रकाशन गर्न वातावरण मिलाइदिने सम्पूर्ण सहयोगीहरूलाई यो समयमा हार्दिक धन्यवाद, साधुवाद व्यक्त गर्दछौं ।

☛ यहाँहरूको सल्लाह-सुझाव तथा रचनात्मक प्रतिक्रिया हामीलाई हरहमेशा जरूरी छ । भन्नुपर्दा, यसैबाट हाम्रो आगामी बाटो प्रष्ट हुने गर्दछ ।

☛ आउनुस्, दुर्लभ सर्वश्रेष्ठ मानव जुनीलाई सफल र सार्थक बनाउने शिक्षा बढिसे बढि जनमानसमा पुऱ्याउने, आफू खुशी भई सबैलाई खुशी-सुखी बनाउने धर्म सबैतिर फिँजाउने, महाकारूणिक महामानव बुद्धको मानवीय शिक्षा र शान्ति-सन्देश प्रचार प्रसार गर्ने कार्यमा हातेमालो गरौं ।

☛ प्रस्तुत पुस्तकलाई यति बृहद्रूपमा प्रकाशित गरी निःशुल्क धर्मदान गर्न पाउनु हाम्रो खुशीको कुरा हो । यो खुशीको कारण बनिदिने विदेशी दाता समूहलाई हार्दिक धन्यवाद, साधुवाद । बुद्धशासनिक कार्यमा सदैव सहयोग पुऱ्याइरहन सकून् भन्ने कामना गर्दछौं ।

☛ सबैको मंगल होस् । भवतु सब्ब मंगलं ।

– सत्यसन्देश प्रचारक प्रकाशन

विषयसूची

बुद्ध र बुद्ध-धर्म



पृष्ठभूमि

संसारलाई ज्ञात भइसकेको छ, बुद्धको जन्म नेपालको पावन लुम्बिनीमा भएको हो। यहाँ भारतवर्षका सम्राट् अशोकले बुद्ध जन्मेको स्थान भनी शिलास्तम्भ पनि स्थापना गरिएको छ। अझ यहाँको उत्खनन्बाट मार्करस्टोन पनि भेट्टाइसकेको छ। यसबाट पनि प्रमाणित भइसकेको छ, बुद्धको जन्म नेपालकै लुम्बिनीमा भएको हो। आज लुम्बिनी उत्खनन्ले भगवान् बुद्ध नेपालको लुम्बिनीमा जन्मनु भएको ठाउँसमेत अंकित गरिसकेको छ। त्यहाँको शिलास्तम्भमा कोरिएको छ– **"हिदबुधेजाते साक्यमुनीति"** अर्थात् यहाँ शाक्यमुनि बुद्धको जन्म भएको हो।

बुद्धको परिचय

बुद्ध को हुन् ? यो प्रश्न जो कोहीले जुनसुकै बेला पनि हामीसँग राख्न सक्छ। अझ भनौं, यस्ता प्रश्नहरू प्रायः हामीलाई आइनै रहेको हुन्छ। त्यसो हो भने, को हुन् त बुद्ध ?

को हुन् बुद्ध ?

कसैले भन्छन्, बुद्ध हाम्रै देश नेपालका सपूत हुनुहुन्छ, सम्पूर्ण नेपालीमात्रकै गौरव हुनुहुन्छ। कसैले भन्छन्, बुद्ध अहिंसाका प्रतीक हुनुहुन्छ। कसैले भन्छन्, बुद्ध शान्तिका अग्रनायक हुनुहुन्छ। अझ कसैले भन्छन्, बुद्ध संसारभरि शान्तिको बिगुल फुकेर विश्वमाझ नेपाललाई चिनाउने महापुरूष हुनुहुन्छ। अनि कसैले भन्छन्, बुद्ध मोक्षदाता तारणकर्ता हुनुहुन्छ।

बुद्ध शान्तिका अग्रनायक हुनुहुन्छ, जसले विश्वभरि शान्तिको सन्देश फिँजाउनु भयो। उहाँ शान्तिक्षेत्र नेपाल बनाउनुका प्रमुख स्रोत हुनुहुन्छ। अझ त, उहाँ देव-मनुष्यहरूका शास्ता वा गुरू हुनुहुन्छ, अलौकिक महामानव व्यक्तित्व हुनुहुन्छ।

महामानव बुद्ध

भगवान् बुद्धलाई जो कोहीले जेसुकै भनिएता पनि, उहाँ देवता भने पक्कै होइनन्। उहाँ हामीजस्तै नै मानिस हुनुहुन्छ। उहाँको शरीर पनि हाम्रै शरीर जस्तै हाड, छाला र रगतले बनेको हो। उहाँ पनि मातृगर्भबाटै जन्मनु भएको हो। त्यसो भएता पनि, उहाँको महान् विचार र महान् ज्ञानले गर्दा, उहाँको अभ्यास र परिपूर्णताले गर्दा उहाँ बद्ध हुनुभयो, मानवमात्रको माझमा महामानव महापुरूष हुनु भयो।

भन्नुपर्दा, शान्तिका अग्रनायक, नेपालीमात्रको नभई शान्तिकामी सबैको गौरव महान् सपूत, सत्यधर्मका प्रवक्ता सुखका दाता, दुःखमुक्तिका पथप्रदर्शक, सत्यसन्देशका अनुभवी एवं प्रचारक, सर्वलोक हितकारक, सर्वज्ञाता, महाकारूणिक व्यक्तित्व नै बुद्ध हुनुहुन्छ।[१]

सबै किसिमका आस्रव-क्लेश नाश गरिसकेका, लोकमा विद्यमान सम्पूर्ण दुःखबाट मुक्त भइसकेका, चतुरार्यसत्यलाई बोध गरिसकेका व्यक्तित्व नै बुद्ध हुनुहुन्छ।

१. भिक्षु संघरक्षित, *वैशाखपूर्णिमा बुद्धपूर्णिमा* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५८), पृ. १५

आस्रव-क्लेश

आस्रव–क्लेश भन्नाले मैल वा फोहोर भन्ने बुझिन्छ। यहाँ भने, आस्रव–क्लेश भन्नाले मनभित्रको मैल अथवा चित्तमल भनिएको हो। तसर्थ, मनभित्र सुषुप्त नराम्रा विचारभाव तथा पापचित्तलाई नै आस्रव–क्लेश भनिन्छ।

नराम्रो काम–कुरा बाहिर आउने पनि हामीभित्रको क्लेशले गर्दा नै हुन्। यसर्थ, यसलाई मनको मैल पनि भन्ने गरिन्छ।

जबसम्म यो मैल हाम्रो मनमा विद्यमान रहन्छ, तबसम्म हामी कुनै पनि दुःखबाट मुक्त हुनु त कता हो कता, झन् त्यही दुःखको भुमरीमा नराम्ररी फँसिरहन बाध्य हुन्छौं।

यसर्थ नै भगवान् बुद्धले यसबाट स्वयं आफू पनि छुटकारा पाउनुभई अरूलाई पनि त्यसबाट मुक्त हुनुपर्ने उपदेश दिनुभयो।

क्लेश विभिन्न प्रकारका रहेको कुरा बौद्ध साहित्यमा उल्लेख भएको छ। मूलतः यहाँ १० प्रकारका क्लेशहरू बारे उल्लेख गरिन्छ–[२]

१) लोभ (अरूको बस्तुमा लोभ राख्नु),
२) द्वेष (अरूको नराम्रो सोची क्रोध उत्पन्न गर्नु),
३) मोह (मूर्खता),
४) मान (अभिमान),
५) दृष्टि (मिथ्यादृष्टि),
६) विचिकिच्छा (नचाहिंदो शंका उपशंका),
७) थीन (अल्सिपन),
८) उद्धच्च (मानसिक चंचलता),
९) अहिरिक (कुकर्म गर्नमा निर्लज्ज), र
१०) अनोतप्प (कुकर्म गर्नमा नडराउनु)।

२. प्रकाश वज्राचार्य, *बौद्ध दर्पण* (काठमाडौं, बुद्धजयन्ती समारोह समिति र धर्मकीर्ति प्रकाशन, २०५३), पृ. ४५)

दुःखबाट मुक्त

स्वभाविकरूपमा आफूलाई मन नपर्ने, पीडा र छटपटी हुने जुन अवस्था हो, त्यस्तो अवस्थालाई नै दुःखको रूपमा लिने गरिन्छ। भगवान् बुद्धले पनि यस्तै हामीलाई मन नपर्ने र अप्रिय लाग्ने कारणहरूलाई नै दुःखको रूपमा व्याख्या गर्नु भएको छ। दुःखका धेरै अवस्थाहरू रहेका छन्, धेरै प्रकारका रहेका छन्। मूलतः उहाँले यो संसारमा भएका दुःखहरूलाई सारांशमा यसरी भन्नु भएको छ–[३]

१) **जातिपि दुक्खा**– जन्म हुनु दुःख,

२) **जरापि दुक्खा**– जन्मेर बूढाबूढी हुनु दुःख,

३) **व्याधिपि दुक्खो**– रोगी हुनु दुःख,

४) **मरणम्पि दुक्खं**– मर्नु दुःख,

५) **पियेहि विप्पयोगो दुक्खो**– प्रियसंग विछोड हुनु दुःख,

६) **अप्पियेहि सम्पयोगो दुक्खो**– अप्रियसंग बस्नुपर्ने दुःख,

७) **यम्पि इच्छं नलभति तम्पि दुक्खं**– इच्छाएको पूरा नहुनु दुःख,

८) **संखित्तेन पञ्चुपादानक्खन्धा दुक्खा**– संक्षिप्तमा पञ्चस्कन्ध (नाम र रूप) रूपी शरीर धारण गर्नु नै दुःख हो।

भगवान् बुद्ध यी सबै दुःखबाट पूर्णतः मुक्त हुनु भएको थियो। उहाँले परम शान्तमय, परम सुखमय निर्वाणलाई प्राप्त गरिसक्नु भएको थियो। उहाँले विमुक्ति सुख पाउनु भएको थियो।

दीघनिकायको महासतिपट्ठान सुत्तमा भगवान् बुद्धले दुःखको बारेमा भिक्षुहरूलाई यसरी उपदेश गर्नुभएको छ–[४]

---

३. भिक्षु संघरक्षित, *दुःखमुक्ति मार्ग–आर्यसत्यः* एक जिज्ञासा (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६३), पृ. १०

४. दुण्डबहादुर वज्राचार्य (अनु.), *दीघनिकाय* (ललितपुर, वीर–पूर्ण पुस्तक संग्रहालय, २०५६), पृ. ३५३

"भिक्षुहरू ! दीर्घकालसम्म आमा मरेको दुःख सह्यो, बाबु मरेको दुःख सह्यो, छोरा मरेको दुःख सह्यो, छोरी मरेको दुःख सह्यो, जन्मनुपर्ने दुःख सह्यो, सम्पत्ति विनाश भएको दुःख सह्यो, रोगी भएको दुःख सह्यो, आमा मरेको दुःख, बाबु मरेको दुःख, छोरा मरेको दुःख, छोरी मरेको दुःख, जन्मनपर्नु दुःख, सम्पत्ति विनाश भएको दुःख, रोगी भएको दुःख सहनुपर्दा यस संसारमा बारम्बार जन्म लिएर अप्रिय संयोग र प्रिय वियोगको कारणबाट जसले रोइ, कराई आँसु बगाएको छ, त्यो नै बढी छ, यी चार महासमुद्रका पानी होइन ।

भिक्षुहरू ! कुनचाहिंलाई बढी सम्झेका छौ ? चार महासमुद्रका पानी बढी हुन्छ कि यस संसारमा बारम्बार जन्मिँदै टाउको कटाउंदा बहेको रगत ?

भिक्षुहरू ! चीरकालसम्म ग्रामघाटक चोर हो भनी शीर काट्न लगाउंदा, डकैती गर्ने चोर हो भनी शीर काट्न लगाउंदा, जति रगत बग्छ, त्यो नै बढी हुन्छ, यी चार महासमुद्रको पानी होइन ।

के कसरी भएको ? भिक्षुहरू ! संसार अनादि छ । अविद्या र नीवरणको श्रोतमा बग्दै यस संसारचक्रमा घुमिरहेको प्राणीको आरम्भ कहिलेदेखि भयो, यो थाहापाउन सकिन्न ।

यसरी, भिक्षुहरू ! दीर्घकालसम्म दुःखको अनुभव गऱ्यौ, तीब्र दुःखको अनुभव गऱ्यौ, ठूलठूला हानि सह्यौ, कति मसानभूमि भऱ्यौ, अब भिक्षुहरू ! सबै संस्कारलाई छोड, बैराग्य होऊ र मुक्ति प्राप्त गर ।"

चतुआर्यसत्य

सिद्धार्थ बोधिसत्वले संसारको चार यथार्थ सत्यलाई बोध गर्नु भएकोलाई नै चार आर्यसत्य भनिन्छ, जुनलाई अवबोध गरेर नै उहाँ आफूले आफूलाई बुद्धको रूपमा घोषणा गर्नु भएको थियो । अन्यथा यो आर्यसत्य बोध गर्नु अघिसम्म उहाँले आफूलाई कहिल्यै कसैलाई पनि बुद्धको रूपमा भन्नु भएको थिएन ।

चतुरार्यसत्य भन्नाले बुद्धले देशना गर्नु भएका चारवटा सत्य भन्ने बुझिन्छ। संक्षिप्तमा यी चारआर्यसत्यलाई यसरी बुझ्न सकिन्छ–[५]

१. **दु:खसत्य** (दु:ख छ),

२. **दु:खसमुदयसत्य** (दु:खको कारण छ),

३. **दु:खनिरोधसत्य** (दु:खलाई नाश गर्न सकिन्छ) र

४. **दु:खनिरोधगामिनिप्रतिपदा आर्यसत्य** (दु:खलाई नाश गर्ने मार्ग छन्, जुनलाई आर्यअष्टांगिक मार्ग भनिन्छ)।

आर्यअष्टांगिक मार्ग

यहाँ दु:खलाई नाश गर्नसक्ने मार्ग भनेकै आर्यअष्टांगिक मार्ग भन्ने बुझ्नुपर्छ। यसलाई मध्यममार्ग पनि भनिन्छ।

आर्यअष्टांगिक भनेको आठ वटा राम्रा बाटोहरू भन्ने बुझिन्छ। ती राम्रा आठ प्रकारका बाटोहरू भनेका यसप्रकार छन्–[६]

१) **सम्यक् दृष्टि** (सही धारणा),

२) **सम्यक् संकल्प** (सही संकल्प),

३) **सम्यक् वचन** (सही वचन),

४) **सम्यक् कर्मान्त** (परिशुद्ध कर्म),

५) **सम्यक् आजीविका** (सही जीविका),

६) **सम्यक् व्यायाम** (ठीक प्रयत्न),

७) **सम्यक् स्मृति** (उचित स्मृति) र

८) **सम्यक् समाधि** (ठीक एकाग्रता)।

---

५. भिक्षु संघरक्षित, *मानव जीवनय् बुद्धशिक्षा* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन–४०, २०६४), पृ. ६

६. भिक्षु संघरक्षित स्थविर, *ब्रह्मजाल सूत्रः एक अध्ययन* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७), पृ. ८२

सम्यक्‌दृष्टि

चार आर्यसत्य धर्मलाई यथार्थरूपमा जान्नु, अनित्य, दुःख र अनात्म स्वभावलाई अवबोध गर्नु सम्यक्‌दृष्टि हो। **मज्झिमनिकायको सम्मादिट्ठि सुत्त**अनुसार, जब आर्यश्रावकले अकुशललाई चिन्दछ, अकुशलको मूल कारणलाई चिन्दछ, कुशललाई चिन्दछ, कुशलको मूल कारणलाई चिन्दछ, तब उसमा सम्यक्‌दृष्टि हुन्छ वा सोझो दृष्टि हुन्छ।[७]

बौद्ध वाङ्मयअनुसार यी पाँच विषयहरूमा ठीक धारणा हुनुलाई सम्यक्‌दृष्टि मानिन्छ–[८]

१. कर्मसकता सम्यक्‌दृष्टि– कर्म र कर्मफलप्रति ठीक धारणा हुनु,
२. ध्यान सम्यक्‌दृष्टि– ध्यानको महत्वबारे ठीक धारणा हुनु,
३. विपस्सना सम्यक्‌दृष्टि– अनित्यता र यथाबोध बारे ठीक धारणा हुनु,
४. मार्ग सम्यक्‌दृष्टि– क्लेशनिर्मूल पार्ने मार्गबारे ठीक धारणा हुनु,
५. फल सम्यक्‌दृष्टि– निर्वाणको महत्वबारे ठीक धारणा हुनु।

सम्यक्‌संकल्प

जति पनि नराम्रा विचारहरू छन्, ती सबैलाई त्यागेर परोपकार एवं सुख–शान्ति प्राप्तिको मार्गतिर डोऱ्याउने विचारमा अडीग हुनसक्नु सम्यक्‌संकल्प हो।

सम्यक्‌संकल्प अन्तर्गत मुख्यतः तीनवटा विषयहरू पर्दछन्, जुन बौद्ध वाङ्मयमा उल्लेख भएका छन्। ती हुन्–[९]

१. नैष्क्रम्य संकल्प – कामभोगबाट मुक्त हुने विचार,
२. अव्यापाद संकल्प – भलाइको चिन्तन, र
३. अविहिंसा संकल्प– निर्दयितारहित करूणायुक्त चिन्तन।

---

७. दुण्डबहादुर वज्राचार्य (अनु.), *मज्झिमनिकाय* (ललितपुर, वीर–पूर्ण पुस्तक संग्रहालय, २०५४), पृ. ३५
८. पूर्वोक्त पादटिप्पणी ३, पृ.४४
९. ऐजन, पृ. ४७

सम्यक्वचन

नराम्रो बोली–वचनबाट अलग्गिनु र राम्रो, प्रिय एवं सार्थक सत्य–वचन बोल्नु नै सम्यक्वचन हो ।

बौद्ध वाङ्मयमा उल्लेख भएअनुसार सम्यक्वचनमा मूलतः चारवटा विषयहरू पर्दछन् । ती हुन्–[१०]

१. **मुसावाद विरति–** असत्य वचन बोल्नुबाट टाढा रहनु,

२. **पिसुणवाचा विरति–** चुगली र निन्दाबाट टाढा रहनु,

३. **फरूसवाचा विरति–** कडा र अपशब्द बोल्नुबाट टाढा रहनु,

४. **सम्फप्पलापवाचा विरति–** अनावश्यक निन्दा–चर्चाबाट टाढा रहनु ।

सम्यक्कर्मान्त

आफ्नो शरीरबाट अरूलाई दुःख, पीडा पुग्ने नराम्रो शारीरिक पापकर्म नगरी शुद्धरूपमा जीविका गर्नुलाई नै सम्यक्कर्मान्त भनिन्छ ।

सम्यक्कर्मान्त अन्तर्गत मूलतः तीन प्रकारका विषयहरू पर्दछन् । ती हुन्–[११]

१) **पाणातिपाता**–विरति अर्थात् प्राणीहिंसा नगर्नु,

२) **अदिन्नादान–विरति** अर्थात् चोरी नगर्नु,

३) **कामेसुमिच्छाचार–विरति** अर्थात् काममिथ्याचार नगर्नु ।

सम्यक्आजीविका

नराम्रो काम गरी, असत्य बोली जीविका नगरिकन सही किसिमले उद्योगी, मेहेनती बनी जीवन बिताउनुलाई सम्यक्आजीविका भनिन्छ ।

---

१०. नानीमैंया मानन्धर (अनु.), *मग्गङ्ग दीपनी* (काठमाडौं, गंगा लक्ष्मी धाख्वासहित, २०४२), पृ. ६

११. ऐजन

बौद्ध वाङ्मयमा उल्लेख भएअनुसार सम्यक्आजीविका अन्तर्गत मुख्यतः पाँच विषयहरू पर्दछन् । ती हुन्–[१२]

१. **सत्थ वणिज्जा** अर्थात् काटमार गर्ने शस्त्र–अस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रय–विक्रय गर्नु र गराउनु हुन्न,

२. **दास वणिज्जा** अर्थात् सत्वप्राणीहरू विशेषतः मानिसहरू क्रय–विक्रय गर्नु र गराउनु हुन्न,

३. **सत्त वणिज्जा** अर्थात् हिंसा गर्न वा हिंसा गरी मासु क्रय–विक्रय गर्नु र गराउनु हुन्न,

४. **मज्ज वणिज्जा** अर्थात् अम्मल–पदार्थ जाँड, रक्सी, गाँजा, अफिम जस्ता कुनै पनि नशालु पदार्थहरू क्रय–विक्रय गर्नु र गराउनु हुन्न,

५. **बिस वणिज्जा** अर्थात् कुनै प्रकारको विषालु पदार्थ बनाई वा बनाउन लगाई त्यसको क्रय–विक्रय गर्नु र गराउनु हुन्न ।

सम्यक्व्यायाम

नराम्रो र आफैलाई पतन गराउने पापकार्यहरूलाई आफ्नो मन–मष्तिष्कबाट सदैव टाढा नै राख्ने प्रयत्न गर्नु सम्यक्व्यायाम हो ।

बौद्ध वाङ्मयमा उल्लेख भएअनुसार सम्यक्व्यायाममा मुख्यतः चारवटा विषयहरू पर्दछन् । ती हुन्–[१३]

१. **अनुप्पन्नानं अकुसलानं धम्मानं अनुप्पादाय वायामो** अर्थात् उत्पन्न नभएका अकुशल कार्यहरूलाई उत्पन्न हुनै नदिन उत्साह एवं प्रयत्न गर्नु,

२. **उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो** अर्थात् उत्पन्न भइसकेका अकुशल कार्यहरूलाई नाश गर्न उत्साह एवं प्रयत्न गर्नु ।

---

१२. पूवोक्त पाददटिप्पणी ३, पृ. ५४

१३. पूर्वोक्त पाददटिप्पणी १०, पृ. ७

३. **अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो** अर्थात् उत्पन्न नभएका कुशल कार्यहरूलाई उत्पन्न गर्नका निम्ति उत्साह एवं प्रयत्न गर्नु,

४. **उप्पन्नानं कुसलानं धम्मानं भिय्योभावाय वायामो** अर्थात् उत्पन्न भइसकेको कुशल कार्यहरूलाई अझ बढाउनका निम्ति उत्साह एवं प्रयत्न गर्नु ।

सम्यक्स्मृति

आफ्नो शरीरबाट भइरहेको कार्य, मनमा आइरहेको कल्पनालाई चिनेर खराब पापकर्मलाई दमन गर्न सतर्क वा जागरूक हुनु सम्यक्स्मृति हो । आफ्नो मनलाई नियन्त्रण गर्नु र होश राखेर जागृत हुनु सम्यक्स्मृति हो ।

बौद्ध वाङ्मयमा उल्लेख भएअनुसार सम्यक्स्मृति अन्तर्गत चार प्रकारका स्मृतिहरू रहेका छन् । ती यस प्रकारका छन्–[१४]

१. कायानुपस्सना,
२. वेदनानुपस्सना,
३. चित्तानुपस्सना र
४. धम्मानुपस्सना ।

कायानुपस्सना

श्वास–प्रश्वास आदि शारीरिक अंग समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति–धर्मलाई कायानुपस्सना भनिन्छ ।

वेदनानुपस्सना

आफ्नो चित्तले अनुभव गर्ने सुख, दुःख वा न सुख न दुःखको वेदना समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति–धर्मलाई वेदनानुपस्सना भनिन्छ ।

---

१४. पूर्वोक्त पादटिप्पणी ३, पृ. ५९

चित्तानुपस्सना

राग, द्वेषसहितका कल्पना र विचारहरू आइरहने चित्त समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति-धर्मलाई चित्तानुपस्सना भनिन्छ ।

धम्मानुपस्सना

कामच्छन्द आदि धर्म समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति-धर्मलाई धम्मानुपस्सना भनिन्छ ।

सम्यक्समाधि

आफ्नो ध्यानलाई कहीं कतै जान नदिई मनलाई एकाग्र गर्नु वा नियन्त्रण गर्नु सम्यक्समाधि हो । हामीभित्रको पञ्चनीवरणलाई दमन गर्नु, छेदन गर्नु सम्यक्समाधि हो ।

चित्तको एकाग्रता अथवा समाधिमा बाधा आउने पाँच विशेष तत्वहरूलाई पञ्चनीवरण भनिन्छ । यी पञ्चनीवरणहरूलाई बौद्ध वाङ्मयमा यसरी उल्लेख गरिएको छ-[१५]

१. कामच्छन्द- सुख-भोग गर्ने आशा,

२. व्यापाद- द्वेषभावले रिसाउनु, डाह-ईर्ष्या गर्नु,

३. थीनमिद्ध- शारीरिक र मानसिकरूपले अल्छी बन्नु,

४. उद्धच्च-कुक्कुच्च- शारीरिक र मानसिक दुबै रूपले चंचल हुनु,

५. विचिकिच्छा- अनावश्यक शंका-उपशंका गर्नु ।

बुद्ध के हो ?

हामीले यो कुरा पनि कदापि भुल्नुहुन्न, 'बुद्ध' कुनै व्यक्ति विशेषको

१५. पूर्वोक्त पादटिप्पणी ३, पृ. ६१

नाम होइन। यो त बरू विशेष पद हो, गुणवाचक नाम हो। बुद्धको अर्थ हुन्छ– बोधिज्ञान अर्थात् बुद्धत्वको प्रतिमूर्ति।[१६]

जन्मदेखि मरणपर्यन्त मानव जीवनमा आइरहने जन्म, जरा, व्याधि, मरण जस्ता मानवीय समस्या, समस्या उत्पत्तिको कारण, समस्याको समाधान अनि समाधान गर्ने मार्ग राम्ररी बाँकी नरहने गरी स्वयं आफैले बुझेको बोधिगुणका प्रतिमूर्ति नै बुद्ध कहलाउँछ।

चारआर्यसत्यलाई विश्लेषण गर्नुभई स्पष्ट स्पष्ट रूपमा स्वयं बोध हुनु भएको हुनाले नै उहाँलाई बुद्ध भनिएको हो।

बुद्ध जो कोही पनि हुनसक्छ। तपाई, म अनि सबै बुद्ध बन्न सकिन्छ। कुरा यति नै हो कि बुद्ध हुनको लागि बोधिज्ञान प्राप्त हुनुपर्छ, बुद्धत्वलाई साक्षात्कार गरेको हुनुपर्छ।

दशपारमिता धर्म

बोधिज्ञान प्राप्त गर्न, बुद्ध बन्नको लागि दशपारमिता पूरा गर्नुपर्ने कुरा बौद्ध साहित्यमा उल्लेख भएको छ। दशपारमिता भन्नाले यस प्रकार छन्–[१७]

१. दानपारमिता (दान, त्याग गर्नमा पूर्ण हुनु),

२. शीलपारमिता (नैतिकगुणमा पूर्ण हुनु),

३. नैष्क्रमपारमिता (आशक्ति हटाई वैराग राख्नु),

४. प्रज्ञापारमिता (यथार्थ ज्ञानले पूर्ण हुनु),

५. वीर्यपारमिता (उत्साह पराक्रमले युक्त हुनु),

६. क्षान्तिपारमिता (सहनमा निपुण हुनु),

---

१६. भिक्षु संघरक्षित, *महामानव बुद्ध* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६२), पृ. २१

१७. भिक्षु संघरक्षित, *प्रारम्भिक बौद्ध जिज्ञासा* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६५), पृ. ५३

७. सत्यपारमिता (सत्य कुरा गर्नमा अडिग रहनु),

८. अधिष्ठानपारमिता (सही प्रतिज्ञा गर्नु),

९. मैत्रीपारमिता (प्राणीहरू सबैप्रति समताभावले हेर्नु) र

१०. उपेक्षापारमिता (राम्रो–नराम्रो तथा अनुकूल–प्रतिकूलमा पनि तटस्थ रहनु) ।

दशपारमितालाई आफ्नो शरीरको अंग–प्रत्यंग नाश भए पनि नबिगारी पालन गर्नेलाई उपपारमिता भनिन्छ । त्यसरी नै, आफ्नो ज्यान–प्राण दिनु परे पनि दशपारमितालाई नबिगारी पालन गर्नेलाई परमत्थपारमिता भनिन्छ ।

जसले दशपारमिता पूर्ण गर्दछ, ती श्रावक–बुद्ध अर्थात् दुःखमुक्त अर्हत्फलमा पुग्न सकिन्छ ।

जसले दशउपपारमितासम्म पूर्ण गर्दछ, ती व्यक्ति प्रत्येक बुद्ध (आफैं बुद्ध हुने तर ज्ञानको प्रचार नगर्ने) हुन सकिन्छ ।

जसले दशपरमत्थपारमितासमेत पूर्ण गर्दछ, ती व्यक्ति नै सम्यक् सम्बुद्ध हुन सकिन्छ ।

दुर्लभको विषयमा **धम्मपद ग्रन्थको बुद्धवर्ग** अन्तर्गत बुद्धद्वारा देशित एउटा गाथा यसरी पनि आएको छ–

किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चान जीवितं।
किच्छं सद्धम्मस्सवनं, किच्छो बुद्धानमुप्पादो॥[१८]

अर्थात्– मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु कठिन छ । जीवित रहे पनि धर्म श्रवण गर्नु कठिन छ औ बुद्धको जन्म हुनु पनि दुर्लभ छ ।[१९]

१८. *सुत्तपिटके खुद्दकनिकाये धम्मपदपालि* (इगतपुरी, विपश्यना विशोधन विन्यास, ई.सं. १९९८), पृ. ३६: बुद्धवग्गो ।

१९. भिक्षु अमृतानन्द (अनु.), *धम्मपद* (काठमाडौं, आनन्दकुटी विहार गुठी, २०५७), पृ. ८५ ।

बुद्धको छोटो जीवनी

बुद्धको जीवनीलाई लिएर फरक फरक ग्रन्थहरूमा फरक फरक नै मतहरू रहेको पाइन्छ। यहाँ मूलतः सामान्य रूपबाट सबैले जानेको, बुझेको र थाहापाउने दृष्टिकोणमा बुद्धजीवनीलाई सारांशतः समेटिने प्रयास गरिएको छ।

सिद्धार्थको लुम्बिनीमा जन्म

बौद्ध वाङ्मयमा उल्लेख भएअनुसार, भगवान् बुद्धको जन्म नेपालकै पावन् लुम्बिनी बगैंचामा आजभन्दा २६३४ (बु.सं. २५५४ + ८० वर्ष बुद्धको उमेर) वर्षअघि नै इ.पू. ६२३/६२४ मा वैशाखपूर्णिमाको शुभदिनमा भएको थियो। उहाँ कपिलवस्तुका राजा शाक्यकुलका सूर्यवंशी एवं गौतम गोत्रका शुद्धोदन र महारानी महामायादेवीका सुपुत्र थिए। त्यतिखेर उहाँको नाम थियो– सिद्धार्थ कुमार।[२०]

सिद्धार्थ कुमार जन्मेको सातौं दिनमा उनकी आमा महामायादेवीको देहावसान भयो। यसपछि उहाँको सम्पूर्ण हेरविचार र मातृस्नेह दिने काम उहाँकै आफ्नी कान्छी आमा महाप्रजापति गौतमीबाट भयो।[२१]

सिद्धार्थको दरबारी जीवन

समय बित्दै गयो। उहाँको बाल्यकाल राम्ररी नै व्यतित भयो। जब उहाँ १६ वर्षको उमेरमा पुग्नुभयो, तब उहाँको विवाह देवदहकी परमसुन्दरी राजकुमारी यशोधरादेवीसँग सुसम्पन्न भयो।[२२]

---

२०. भिक्षु संघरक्षित, *बौद्ध सामान्य ज्ञान* (बुद्धजीवनी विशेष) (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७), पृ. ९

२१. भिक्षु संघरक्षित, *बुद्धकालीन दश अग्रणी नारीहरू* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन–४२, २०६५), पृ.७

२२. ऐजन

उहाँको बाल्यकालको भविष्यवाणीअनुसार शुद्धोदन राजालाई उहाँ चक्रवर्ती राजा भए हुन्थ्यो, गृहत्याग गरेर बुद्ध बनोस् भन्ने चाहना थिएनन् । तसर्थ उनले छोरा सिद्धार्थलाई हरतरहले दरबारमै भुलाइराख्नको लागि अनेक प्रयत्न गर्छन् । शुद्धोदन राजाले सिद्धार्थको निम्ति तीनवटा महल बनाइदिन्छन् – रम्य, सुरम्य र शुभ । गर्मीमा, जाडोमा र वर्षात् समयमा बस्नको लागि छुट्टाछुट्टै यी महलहरू थिए ।[२३]

सिद्धार्थको चार दृश्य अवलोकन

सिद्धार्थ कुमार बिस्तारै २९ वर्षको उमेरमा पुगे । दरबारको सुखसयल र विलासी जीवनमा उनको मन लाग्दैनथ्यो । तसर्थ, एक समय सिद्धार्थ कुमार नगर घुम्नको लागि राजदरबारबाट बाहिर निस्के ।

त्यसबेला उनले बूढो मान्छे, रोगी मान्छे र मरेको मान्छे देखेर उहाँ असाध्यै वैराग्य हुनुभयो । उहाँ बारबार त्यही कल्पनामा डुब्न थाल्नुभयो – "अहो ! म पनि एक दिन बूढो हुनेछु, म पनि रोगी हुनेछु अनि म पनि सबैलाई छोडेर मर्नेछु ।"

सिद्धार्थले पुनः एकजना प्रव्रजित श्रमणलाई देखे । संसारलाई दुःख र भययुक्त देखेर सम्पूर्ण गृह–जंजाल त्यागेर दुःखमुक्तिको मार्ग खोज्न हिंडेका प्रव्रजितहरूको उद्देष्य पनि जाने ।[२४]

सिद्धार्थको दरबार त्याग

सिद्धार्थले पनि आफू वृद्ध, रोगी र मरणरूपी दुःखबाट मुक्त हुनको लागि गृहत्याग गर्ने प्रबल इच्छा गर्नुभयो । यही कुराबाट प्रेरित हुनुभई २९ वर्षको उमेरमा उहाँले भर्खर जन्मेको छोरा राहुल, सुत्केरी पत्नी यशोधरा, ममताका अपार भण्डार आमा–बुवा, ज्ञातिबन्धु, राज्यश्री सुख–वैभव

२३. सामान्य ज्ञान, पृ. १३

२४. महामावन बुद्ध, पृ. १३

सम्पूर्णलाई थुकेको थुकलाई पुनः फर्केर नहेरेसरि त्याग गरेर हिंड्नुभयो। उहाँ गृहत्यागी प्रव्रजित हुनुभयो।[२५]

सिद्धार्थको बुद्ध बन्ने संघर्ष

उहाँले तत्कालीन ठूल्ठूला विद्वान्हरूको संगत गर्नुभयो। उनीहरूबाट धेरै ज्ञान हासिल पनि गर्नुभयो तर ती ज्ञानहरूबाट आफूले चाहेको दुःखमुक्ति इच्छा भने पूर्ण हुन सकेन। उहाँले वृद्ध हुने, रोगी हुने अनि मर्ने जस्ता दुःखहरूबाट मुक्त अवस्थालाई अवबोध गर्न सक्नु भएन।

अन्ततः उहाँले विद्वान्हरूको सत्संगत गर्न पनि छोड्नुभयो। बरू उहाँ वनमा पसेर आफैं तपस्यामा लीन हुनुभयो। छ वर्षको दुष्कर तपस्याद्वारा पनि उहाँले वास्तविक ज्ञान भने प्राप्त गर्न सक्नु भएन। यस्तो दुष्करचर्याद्वारा पनि ज्ञान प्राप्त नभएपछि उहाँले एउटा शिक्षा अवबोध गर्नुभयो– आफ्नो शरीरलाई अति दुःखमात्र दिएर अथवा अति सुखमात्र दिएर पनि यथार्थ ज्ञान हासिल नहुने रहेछ। बरू मध्यस्थमा बसेर मध्यममार्ग अपनाउनु पर्ने रहेछ।[२६]

सिद्धार्थको बुद्धत्व प्राप्ति

त्यसपछि उहाँले दुष्करचर्याजस्ता अतिमार्गलाई छोड्नुभयो। मध्यममार्गमा लाग्नुभयो। अनि बुद्धगयाको बोधिवृक्षमा बस्नु भएर उहाँले ३५ वर्षको उमेरमा वैशाखपूर्णिमाकै दिन आफ्नो चित्तलाई नियन्त्रण, संयम र ध्यान भावनाद्वारा बोधिज्ञान प्राप्त गर्नुभयो। उहाँ बुद्ध हुनुभयो।

बुद्ध हुने समयमा भगवान् बुद्धले जुन बोधिज्ञान प्राप्त गर्नुभयो, त्यसलाई बौद्ध वाङ्मयमा मुख्यतः यसरी उल्लेख गरिएको छ–[२७]

---

२५. भिक्षु अमृतानन्द, केशवलाल कर्माचार्य (अनु.), *संक्षिप्त बुद्ध–जीवनी* (काठमाडौं, आनन्दकुटी विहारगुठी, २०३९), पृ. २७

२६. पूर्वोक्त पादटिप्पणी १६, पृ. १६

२७. पूर्वोक्त पादटिप्पणी २०, पृ. २०

१) पूर्वानुस्मृति ज्ञान अर्थात् पूर्वजन्मका कुराहरू सविस्तर रूपमा थाहा भएर आउने ज्ञान,

२) च्युत्योत्पत्ति ज्ञान अर्थात् उत्पत्ति र विनाश अथवा जन्म र मरणको ज्ञान, र

३) आस्रवक्षय ज्ञान अर्थात् मनभित्रको सम्पूर्ण क्लेश नाश भएको अर्हत्मार्ग ज्ञान । यसलाई प्रतित्यसमुत्पाद ज्ञान पनि भनिन्छ ।

बहुजन हिताय बहुजन सुखाय

उहाँले पहिलो धर्मदेशना सारनाथको ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय भन्ने पाँचजना ब्राह्मणहरूलाई गर्नुभयो । उनीहरूले धर्मचक्षु प्राप्त गरेर भिक्षु बने र दुःखमुक्त अर्हत् भए । त्यसपछि बुद्धले आफूले प्राप्त गरेको बोधिज्ञानलाई आजीवन (४५ वर्षसम्म) गाउँ–गाउँमा पुगेर, नगर–नगरमा चहारेर, देश–देशान्तर डुलेर बहुजन हिताय बहुजन सुखायको लागि प्रचार–प्रसार गर्नुभयो । यस चर्याद्वारा धेरैको संख्यामा भिक्षुहरू बन्न आए, भिक्षुणीहरू बन्न आए, उपासकहरू बने, अनि उपासिकाहरू बने । आफ्नो शासनमा दक्ष एवं सक्षम भिक्षु–भिक्षुणीहरू, उपासक–उपासिकाहरू देखेर उहाँ खुशी हुनुहुन्थ्यो ।

सक्षम भिक्षुहरू

बुद्धको शासनमा एतदग्ग अर्थात् अग्रस्थान प्राप्त सक्षम केही भिक्षुहरू यस प्रकार उल्लेख गर्न सकिन्छ–[२८]

"भिक्षु हो ! सर्वप्रथम ज्ञानलाई बुझ्न सक्ने मेरा श्रावक भिक्षुहरूमध्ये कोण्डञ्ञ अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक भिक्षुहरूमध्ये महाप्रज्ञावानमा सारिपुत्त अग्र छन् ।"

---

२८. भिक्षु बोधिसेन (अनु.), *अंगुत्तरनिकाय –प्रथम भाग* (काठमाडौं, ज्ञानज्योति कंसाकार, लक्ष्मीप्रभा कंसाकार, वि.सं.२०५८), पृ. २४ः एतदग्गवग्गो ।

"भिक्षु हो ! मेरा श्रावक भिक्षुहरूमध्ये ऋद्धिवान्मा महामोग्गल्लान अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक भिक्षुहरूमध्ये धुतंगधारीमा महाकस्सप अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक भिक्षुहरूमध्ये सेवकमा आनन्द अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक भिक्षुहरूमध्ये विनयधरमा उपालि अग्र छन् ।"

सक्षम भिक्षुणीहरू

बुद्धको शासनमा सक्षम अग्रस्थान प्राप्त भिक्षुणीहरूमध्ये केही यस प्रकार रहेका छन्–[२९]

"भिक्षु हो ! सर्वप्रथम ज्ञानलाई बुझ्नसक्ने मेरा श्राविका भिक्षुणीहरूमध्येमा महाप्रजापति गौतमी अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा महाप्रज्ञामा खेमा अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा ऋद्धिवतीमा उप्पलवण्णा अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा विनयधरीमा पटाचारा अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा रूक्ष चिवरधारीमा किसागोतमी अग्र छिन् ।"

सक्षम उपासकहरू

भगवान् बुद्धको शासनमा अग्रस्थान प्राप्त सक्षम केही उपासकहरू यस प्रकार रहेका छन्–[३०]

---

२९. पूर्वोक्त पादटिप्पणी २८, पृ. ३६

३०. ऐजन, पृ. ३७

"भिक्षु हो ! मेरा श्रावक उपासकहरूमध्ये प्रथम शरणमा जाने तपस्सु र भल्लिक व्यापारी अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक उपासकहरूमध्ये **दायकमा अनाथपिण्डिक** अग्र छन् ।"

"भिक्षु हो ! मेरा श्रावक उपासकहरूमध्ये **विश्वासकमा नकुलपिता गृहपति** अग्र छन् ।"

सक्षम उपासिकाहरू

भगवान् बुद्धको शासनमा अग्रस्थान प्राप्त सक्षम केही उपासिकाहरू यस प्रकार रहेका छन्–[३१]

"भिक्षु हो ! मेरा श्राविका उपासिकाहरूमध्येमा प्रथम शरणमा जाने सेनीय पुत्री सुजाता अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका उपासिकाहरूमध्येमा **दायिकामा विशाखा मिगारमाता** अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका उपासिकाहरूमध्येमा **बहुश्रुतमा खुज्जुत्तरा** अग्र छिन् ।"

"भिक्षु हो ! मेरा श्राविका उपासिकाहरूमध्येमा **मैत्री विहारीमा सामावती** अग्र छिन् ।"

बुद्धको अन्तिम वचन

भगवान् बुद्धले आजीवन धर्मको प्रचार प्रसार गर्नुभयो । उहाँले ८० वर्षको उमेरमा कुशीनगरको दुई वटा शालवृक्षको बीचमा आफ्नो देहलाई विसर्जन गर्नुभयो, महापरिनिर्वाण (देहावसान) हुनुभयो ।

भगवान् बुद्धले महापरिनिर्वाण हुने बेलामा उपस्थित भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै यसरी आज्ञा गर्नु भएको थियो–

३१. पूर्वोक्त पादटिप्पणी २८, पृ. ३७

"हन्द, दानि भिक्खवे आमन्तयामि वो, वयधम्मा संखारा, अप्पमादेन सम्पादेथ।"

यसको अर्थ हो, "हे भिक्षु हो ! अब म भन्दछु कि– सबै संस्कारहरू नःश्वर हुन्, अप्रमादपूर्वक सम्पादन गर।"[३२]

यही शब्द उहाँ भगवान् बुद्धको अन्तिम वचन हुन्। जुनै काम–कुरा गर्दाखेरि स्मृति राखेर होशपूर्वक गर्नुपर्ने प्रेरणा उहाँको उपदेशबाट सबैले पाइरहेको छ। यो सुखद् विषय हो।

बुद्धका मूल गुणहरू

बौद्ध वाङ्मयलाई केलाउँदै जाँदा बुद्धका अनन्त गुणहरू देखाइएको पाइन्छ। हुन त हामीजस्ता पृथक्जनले उहाँमा विद्यमान रहेका गुणहरूलाई हेर्न र बुझ्न संभव छैन। विद्वान्हरू भन्ने गरिन्छ, एउटा बुद्धको गुणधर्म जान्नको लागि अर्को बुद्ध नै हुनुपर्छ। अनिमात्र बुद्धगुणलाई जान्न र बुझ्न संभव हुन्छ, नत्र त असंभव प्रायः छ।

यसका बावजूद पनि, हामी उहाँका गुणहरूलाई केहीमात्र भए पनि स्मरण गर्दछौं। उहाँको प्रतिमासामु नतमस्तक रहेर आदर–गौरव दर्शाउँछौं, पूजा गर्दछौं। यहाँनिर पनि हामी स्पष्ट हुनुपर्दछ, बुद्धलाई सम्मान जनाउनु र पूजादि गर्नु भनेको नै उहाँमा निहित ती अनन्त गुणहरू स्मरण गर्नु हो, अनि ती गुणहरूलाई बोध गरेर केही भए पनि हामी आफूले पनि धारण गरेर व्यवहारमा पालन गर्न प्रयास गर्नु हो, दुर्लभ यो मानव जीवनलाई सफल र सार्थक बनाउनु हो।

महत्वपूर्ण केही विशेषताहरू

बौद्ध साहित्यका विभिन्न ग्रन्थहरूमा भगवान् बुद्धका धेरै गुणहरू, विशेषताहरू अनि व्यक्तित्वहरूलाई उल्लेख गरिएको पाइन्छ। मुख्यतः

३२. पूर्वोक्त पादटिप्पणी ४, पृ. २८०

उहाँका व्यक्तित्व र विशेषताका रूपमा केही बुंदाहरूलाई यहाँ सारांशगत रूपमा उल्लेख गर्नु उचित होला ।[३३]

१. उहाँ भगवान् बुद्ध ३२ महापुरूष लक्षणले युक्त अति आकर्षक हुनुहुन्छ,

२. भगवान् बुद्ध दार्शनिक होइन, प्रत्यक्षदर्शी हुनुहुन्छ,

३. भगवान् बुद्ध परम्परावादी होइन, मौलिक विचारक हुनुहुन्छ,

४. भगवान् बुद्ध परम्परागत जातिवादका विरोधी हुनुहुन्छ,

५. भगवान् बुद्ध मानवतावादी सिद्धान्तका समर्थक हुनुहुन्छ,

६. भगवान् बुद्ध शास्त्रीय होइन, अनुभवी हुनुहुन्छ,

७. भगवान् बुद्ध कट्टर सिद्धान्तवादी हुनुहुन्न,

८. भगवान् बुद्ध लोकका अग्र महाकारूणिक हुनुहुन्छ,

९. भगवान् बुद्ध व्यवहारवादी हुनुहुन्छ,

१०. भगवान् बुद्ध बोधवादी हुनुहुन्छ,

११. अष्टलोक धर्म (सुख–दुःख, यश–अयश, निन्दा–प्रशंसा, लाभ–हानी) बाट अविचलित हुनुहुन्छ,

१२. भगवान् बुद्ध अद्वितीय भैषजर्य गुरू हुनुहुन्छ,

१३. भगवान् बुद्ध कार्यकारण सिद्धान्तका पक्षपाती हुनुहुन्छ,

१४. भगवान् बुद्ध अनात्मवादी अनीश्वरवादी हुनुहुन्छ,

१५. भगवान् बुद्ध कर्मवादी हुनुहुन्छ, आदि ।

बुद्धमा प्रमुख ६ वटा गुणहरू

भगवान् बुद्धका हरेक आचरण, हरेक व्यवहार एउटा गुणका रूपमा आउने गर्दछ । निश्चय पनि, उहाँमा अनन्त गुणधर्महरू रहेका छन् । प्रमुखतः उहाँमा विद्यमान ती अनन्त गुणहरूलाई पनि नौ भागमा विभक्त

३३. भिक्षु संघरक्षित, *पथप्रदर्शक* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, वि.सं. २०५७), पृ. २२

गरेर सारांशरूपमा देखाउन सकिन्छ। भन्नुपर्दा बौद्धमात्रले बुद्धमूर्तिसामु रहेर बुद्धपूजा गर्दा पनि यिनै गुणहरूलाई गाथाद्वारा उच्चारण गरेर पूजा गर्ने हो। ती ९ वटा गुणहरू यस प्रकारका छन् –[३४]

१. अरहं

भगवान् बुद्धलाई अरहं गुणयुक्त भनिन्छ। यसको मूल कारणहरू यसरी उल्लेख गर्न सकिन्छ–

– उहाँले मनभित्रका सारा क्लेशरूपी राग, द्वेष, मोह आदि शत्रुलाई राम्ररी नाश गरिसकेको हुनुहुन्छ,

– उहाँ ब्रह्मादि देव–मनुष्यहरूले पूजा गर्न योग्य हुनु भएका हुनुहुन्छ,

– उहाँ कहिल्यै कसैले नदेखिने गरी गुप्त पाप[३५] नगर्ने हुनुहुन्छ, र

– उहाँले संसारचक्रको आढ[३६] लाई भाँच्नु भइसकेका हुनुहुन्छ।

२. सम्मासम्बुद्धो

लोकमा विद्यमान यथार्थ धर्मलाई स्वयंले विश्लेषण गरी यथार्थरूपमा बुझ्नुहुने भएकोले उहाँ सम्मासम्बुद्धो अथवा सम्यक्सम्बुद्ध गुणयुक्त हुनुहुन्छ।

दुःखसत्य, दुःखसमुदयसत्य, दुःखनिरोधसत्य, दुःखनिरोधगामिनी प्रतिपदासत्य रूपी चतुआर्यसत्यलाई यथार्थरूपले स्वयं बोध हुनुभई लोकजनहरूलाई पनि बोध गराउन सक्षम हुनु भएकोले उहाँलाई सम्यक्सम्बुद्ध भनिएको हो ।

३. विज्जाचरणसम्पन्नो

विद्या र आचरण धर्मले सम्पन्न, जे बोल्नुहुन्छ त्यही गर्ने अनि जे गर्नुहुन्छ त्यही बोल्ने यथावादी तथाकारी तथाकारी यथावादी गुण भएको उहाँ भगवान् बुद्ध हुनुहुन्छ।

---

३४. भिक्षु संघरक्षित, *श्रद्धाधन* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५७), पृ. २३

३५. **गुप्त पाप–** गुप्त पाप भन्नाले परजनले नदेख्ने गरी लुकाई गरिने पाप हो।

३६. **संसारचक्रको आढ–** सामान्य पांग्राको डण्डी जस्तो संसारचक्रको डण्डी वा आढ।

उहाँ तीन विद्या, आठ विद्या र पन्ध्र आचरणधर्मले सम्पूर्ण हुनु भएको हुनुहुन्छ।[३७]

४. सुगतो

सुगतिको मार्गमा परिपूर्ण हुनुभई सम्पूर्ण दुःखबाट, सम्पूर्ण क्लेश आदिबाट मुक्त भइसकेको निर्वाणमा पुगेका उहाँ भगवान् बुद्ध हुनुहुन्छ।

निर्वाण भनेको सम्पूर्ण क्लेश नाश भइसकेको, सम्पूर्ण तृष्णा हटिसकेको, सम्पूर्ण दुःखबाट मुक्त भइसकेको अवस्था भन्ने बुझिन्छ। विमुक्ति सुखको अवस्था हो निर्वाण।

निर्वाणका विविध शब्द र अर्थहरू

पूर्णतः दुःखमुक्त र विमुक्ति सुखको अवस्था निर्वाणको गुण र विशेषताअनुरूप यसलाई बुझाउनको लागि विभिन्न शब्द र अर्थहरूको प्रयोग भएको पाइन्छ। ती मूलतः यस प्रकारका रहेका छन्–[३८]

१) अमत (अमृत) अर्थात् कहिल्यै नाश नहुने, अविनाशी स्वभाव भएको निर्वाण,

२) असंखत (असंस्कृत) अर्थात् नबनाइएको, बन्न नसकिने असंखत स्वभाव भएको निर्वाण,

३) परमं सुख अर्थात् थोरै पनि दुःख बाँकी नरहेको अक्षय सुखको अवस्था वा परम सुखको अवस्था भएको निर्वाण,

४) अनिमित्तं अर्थात् आकार प्रकार, रंग रूप केही नभएको अनिमित्त स्वभाव भएको निर्वाण,

५) अनुत्पाद अर्थात् उत्पन्न नै नहुने वा उत्पन्न नभएको स्वभाव भएको निर्वाण,

६) नित्य अर्थात् उत्पत्ति–स्थिति–भंग नहुने, सदा त्यस्तै रहने वा नबदलिने स्वभाव भएको निर्वाण,

---

३७. तीन विद्या, आठ विद्या र पन्ध्र आचरणधर्मका बारेमा थाहा पाउन लेखकको "पथप्रदर्शक" पुस्तकको पृ. २३ र २४ हेर्नुहोस्।

३८. पूर्वोक्त पादटिप्पणी ३, पृ. २९

७) अरूप अर्थात् रूप–स्वभाव शून्य भएको, हेर्न देख्न नसकिने स्वभाव भएको निर्वाण,

८) अप्रणिहित अर्थात् प्रार्थना वा चापलुसीबाट प्राप्त नहुने वा हुन नसकिने अप्रणिहित स्वभाव भएको निर्वाण,

९) विराग अर्थात् वैराग्ययुक्त, राग–लिप्सा नभएको विराग स्वभाव भएको निर्वाण,

१०) अवेदयितव्य अर्थात् आलम्वनरहित, संवेदना अनुभव गर्न नसकिने वा नहुने स्वभाव भएको निर्वाण,

११) अभेद्य अर्थात् टुक्रा टुक्रा गरेर हेर्न नसकिने वा नहुने स्वभाव भएको निर्वाण,

१२) निर्वाण अर्थात् राग, द्वेष र मोहबाट मुक्त हुने स्वभाव भएको निर्वाण,

१३) अजरामरण अर्थात् उत्पत्ति र विनाश नहुने स्वभाव भएको निर्वाण,

१४) निष्प्रपञ्च अर्थात् सबै प्रपञ्च वा बाधा बन्धनबाट मुक्त रहने स्वभाव भएको निर्वाण,

१५) सुञ्ञतं अर्थात् क्लेशसंगै रूपस्कन्ध र नामस्कन्ध पनि शून्य भएको निर्वाण,

१६) केवलं अर्थात् तुलना गर्न नसक्ने, दुइटा वा दुइथरि भनी देखाउन नसक्ने केवल एउटै भएको निर्वाण,

१७) शुभ अर्थात् अत्यन्त कल्याणकारी मंगलकारी स्वभाव भएको निर्वाण,

१८) निरोध अर्थात् सबै इच्छा, आकांक्षा, मिथ्यादृष्टि, अज्ञानता समाप्त भइसकेको निरोध स्वभावको निर्वाण,

१९) तण्हखय अर्थात् सम्पूर्ण तृष्णा क्षय वा नाश भइसकेको निर्वाण,

२०) सन्ति अर्थात् एकनासले अद्भूत शान्ति दिने स्वभाव भएको निर्वाण। आदि, इत्यादि।

५. लोकविद्

तीनै लोकको सबै कुरा बुझ्ने उहाँ भगवान् बुद्ध हुनुहुन्छ। यहाँ तीन लोक भन्नाले बौद्ध वाङ्मयमा यसरी उल्लेख गरिएको छ–[३९]

३९. यी तीन लोकको विषयमा विस्तृत जान्नको लागि हेर्नुहोस्– नानीमैंया मानन्धर (अनु.), नियाम–दीपनी (काठमाडौं, भिक्षु अनिरूद्ध महास्थविरसहित समूह, २०४०), पृ. ६०: तीन लोक

१) **सत्तलोक** अर्थात् सत्व-प्राणीहरू,

२) **संखारलोक** अर्थात् लौकिक नाम र रूप,

३) **ओकासलोक** अर्थात् सत्व-प्राणीहरू बस्ने स्थान।

६. अनुत्तरो पुरिसदम्म सारथि

दमन गर्न गाह्रो व्यक्तिहरूलाई पनि आफ्नो ज्ञानले दमन गर्ने उहाँ भगवान् बुद्ध हुनुहुन्छ।

बोध गर्न योग्य देव, मनुष्य, तिर्यक्[४०] र वेनेय्य प्राणी[४१] हरूलाई सभ्य हुने गरी ज्ञानले दमन गर्ने अद्वितीय सारथी हुनुहुन्छ।

७. सत्था देवमनुस्सानं

देव तथा मनुष्यहरूलाई अनुशासन गर्ने शास्ता वा गुरू उहाँ भगवान् बुद्ध हुनुहुन्छ।

उहाँले भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूलाई धर्मका उपदेशहरू दिनुहुन्थ्यो। त्यसरी नै रात्रीको समयमा आफूकहाँ आउने विभिन्न देवताहरूलाई पनि धर्मका कुराहरू सुनाएर सन्तुष्ट पार्नुहुने, दुःखबाट मुक्त गराउने कुरा पनि बौद्ध वाङ्मयमा उल्लेख भएको छ।

८. बुद्धो

चार आर्यसत्य (दुःख छ, दुःखको कारण छ, दुःखको अन्त छ, अन्त गर्ने मार्ग आर्यअष्टांगिक हो) लाई राम्ररी बुझ्ने उहाँ भगवान् बुद्ध हुनुहुन्छ।

अविद्या[४२] रूपी अन्धकारमा पहिलो पटक ज्ञानरूपी ज्योति बाली चार आर्यसत्यलाई विश्लेषण गरी बोध भएका हुनुहुन्छ उहाँ भगवान् बुद्ध।

---

४०. **तिर्यक्–** तिर्यक् भन्नाले पशु, पन्छी, कीरा आदि जीवहरू बुझिन्छ।

४१. **वेनेय्य प्राणी–** विनीत गराउन योग्य प्राणीहरू।

४२. **अविद्या–** अविद्या भनेको ज्ञान नभएको, अज्ञानता भन्ने बुझिन्छ। यसलाई यसरी स्पष्ट पार्न सकिन्छ–

९. भगवा

राग, द्वेष, मोहलाई निर्मूल गरी सांसारिक दुःखबाट मुक्त हुनु भएका, नाना प्रकारको धर्मादि भोग सम्पत्तिद्वारा भाग्यवान् भएर भगवान् हुनु भएका उहाँ भगवान् बुद्ध हुनुहुन्छ ।

उहाँलाई "भगवान्" भनिएको कुनै देवता भएर भनिएको होइन । यहाँ भगवान् भन्नुको अर्थ ६ प्रकारका भाग्यगुणले सम्पन्न भएकोले हो । ती भाग्यगुणहरू यसप्रकार रहेका छन्–[४३]

१. **इस्सरिय–** आफ्नो मन आफूले भनेसरि हुने भाग्य,
२. **धम्म–** राम्रो धर्मले परिपूर्ण हुने भाग्य,
३. **यस–** परिवार तथा यशकीर्ति सम्पन्न हुने भाग्य,
४. **सिरि–** श्रीशोभाले सम्पन्न हुने भाग्य,
५. **काम–** आफूले चिताएसरि पूरा गर्नसक्ने भाग्य, र
६. **पयत्त–** ठूलो उत्साह र पराक्रम हुने भाग्य ।

समग्रमा भन्नुपर्दा, उहाँ बुद्ध महामानव हुनुहुन्छ, भगवान् हुनुहुन्छ, महापुरूष युगपरूष हुनुहुन्छ । विश्वभरि शान्तिको साम्रज्य फैलाउनु हुने उहाँ शान्तिका अग्रनायक हुनुहुन्छ । गर्वको कुरा त यो छ कि उहाँ हाम्रै देश नेपालका सपूत हुनुहुन्छ । तर विडम्बना ! बुद्धको देशमा आजको अशान्त कोलाहल अवस्थाको कल्पना कसले पो गरेका होलान् र ?

- अनित्यलाई अनित्य भनी थाहा नपाउनु अविद्या,
- दुःखलाई दुःख भनी थाहा नपाउनु अविद्या,
- अनात्म स्वभावलाई अनात्म भनी थाहा नपाउनु अविद्या,
- दुश्चरित्रताले मार्गफलमा बाधा गर्छ भनी थाहा नपाउनु अविद्या,
- सच्चरित्रताले मार्गफलमा सहयोग गर्छ भनी थाहा नपाउनु अविद्या,
- भवचक्रमा भुलाइरहने कारणबाट मुक्त हुन सकिन्छ भनी थाहा नपाउनु अविद्या,
- भवचक्रमा भुलाइरहने र मुक्त गर्ने कार्यहरू नजान्नु अविद्या,
- कुशल कार्य सुषुप्त रही अकुशल अनियन्त्रित हुनु अविद्या ।

४३. भिक्षु संघरक्षित, *बुद्धापदेश* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५६), पृ. ६

बुद्धद्वारा देशित धर्म के हो ?

यहाँ धेरै मानिसहरू भेटिन्छन्, जसले सोधिरहेका हुन्छन्, धर्म के हो ? धर्म किन चाहियो ? धर्मले गर्ने के हो ? धर्म भएन भने के हुन्छ ?

यही कुरालाई लिएर मानिसहरू नै भन्ने गर्दछन्, राम्रो गर्नु धर्म हो । अरूलाई उपकार गर्नु धर्म हो । कसैलाई नमार्नु हिंसा नगर्नु धर्म हो । दुःख नदिनु धर्म हो । पाप नगर्नु धर्म हो । आदि–इत्यादि ।[४४]

धर्म के हो ?

धर्म नहुँदा मानिस पशु हुन्छ । धर्म भएको मानिस आनन्दले रमाइलो तवरले बाँच्न सकिन्छ । सबैसँग मेलमिलापका साथ रहनसक्छ । धर्म नै त्यो गुण हो, जुनले मानिसलाई मानिस बनाइदिन्छ, मानिस भई मानिसलाई मानिससरि व्यवहार गर्न सिकाउँछ ।[४५]

निश्चय पनि हो, अरूलाई दुःख नदिनु, पापबाट टाढा भइरहनु धर्म हो । धर्म हुँदा जीवन जिउन सजिलो हुन्छ । धर्मले हामीलाई वास्तवमै मानिस बनाइदिन्छ । धर्म नै छैन भने त, मानिस र पशुमा अन्तरता नै के रहन्छ र ?

बुद्धको व्यवहारिक धर्म

भगवान् बुद्धको उपदेश हो, अरूको उपकार गर्नु, कल्याण गर्नु धर्म हो ।

यदि अरूलाई उपकार गर्न सकेन भने कमसेकम आफूबाट अरूलाई दुःख नदिनु, बाधा नपुऱ्याउनु नै धर्म हो ।

आफ्नो शरीरबाट, बोलीवचनबाट र मनबाट समेत कसैलाई बाधा नदिई निर्दोष जीवन जिउनु नै धर्म हो ।

---

४४. भिक्षु संघरक्षित, *शान्तिको लागि बुद्धशिक्षा* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६६), पृ. १ ।

४५. भिक्षु संघरक्षित, *धर्म के हो ?* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७), पृ. ४

अझ भन्नुपर्दा, आफ्नो शरीर, वचन र मनलाई परिशुद्ध पार्नु नै धर्म हो ।

भगवान् बुद्धले दिनु भएको उपदेश **धम्मपद ग्रन्थको** कोधवग्गोमा यसरी आएको छ–

कायप्पकोपं रक्खेय्य–कायेन संवुतो सिया ।
काय दुच्चरितं हित्वा–कायेन सुचरितं चरे ॥[४६]

अर्थात्– शारीरिक दुराचारबाट बच, शारीरिक संयम गर, कायिक दुश्चरित्र छोडी कायिक सदाचारको आचरण गर ।[४७]

वचीपकोपं रक्खेय्य–वाचाय संवुतो सिया ।
वचीदुच्चरितं हित्वा–वाचाय सुचरितं चरे ॥[४८]

अर्थात्– वाचिक दुराचारबाट बच, वाचिक संयम गर, वाचिक दुराचार छोडी वाचिक सदाचरण गर ।[४९]

मनोपकोपं रक्खेय्य–मनसा संवुतो सिया ।
मनोदुच्चरितं हित्वा–मनसा सुचरितं चरे ॥[५०]

अर्थात्– मानसिक दुराचारबाट बच, मानसिक संयम गर, मानसिक दुराचरण छोडी मानसिक सदाचरण गर ।[५१]

कायेन संवुता धीरा–अथो वाचाय संवुता ।
मनसा संवुता धीरा–ते वे सुपरि संवुता ॥[५२]

अर्थात्– कायिक, वाचिक र मानसिक संयम हुने धीर पण्डितलाई नै सुसंयमी भन्दछन् ।[५३]

---

४६. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४२ः कोधवग्गो
४७. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०७
४८. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४२
४९. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०७
५०. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४२
५१. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०८
५२. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४३
५३. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०८

वास्तवमा, धर्मले सदैव आफू पनि हाँस्न र अरूलाई पनि हँसाउन तथापि आफू पनि बाँच्न र अरूलाई पनि बचाउन आधार बनिदिन्छ ।

जीवनलाई सार्थक र सफल तुल्याउन र राम्ररी उच्चस्तरले जीविका यापन गर्न राम्रो साथी बनिदिने, राम्रो बाटो देखाइदिने नै धर्म हो ।

शरीरबाट हुने पापकर्म

शरीरबाट गर्नसक्ने तीनवटा पापकार्यबाट टाढा बस्नुपर्ने बुद्धको उपदेश हो । ती पापकर्म हुन्–[५४]

१) पाणातिपाता अर्थात् अरूलाई दुःखकष्ट दिनु, हिंसा गर्नु,

२) अदिन्नादाना अर्थात् अरूको सजीव तथा निर्जीव वस्तुहरू चोरी गर्नु, नसोधिकन लिनु,

३) कामेसुमिच्छाचारा अर्थात् परस्त्री/परपुरूष गमन नगर्नु, व्यभिचार नगर्नु ।

वचनबाट हुने पापकर्म

यसरी नै, बोलीवचनबाट पनि गर्नसक्ने चारवटा पापकार्यबाट अलग्ग हुनुपर्ने बुद्धको उपदेश हो । ती पापकर्महरू यस प्रकार छन्–[५५]

१) मुसावादा अर्थात् असत्य कुरा गर्नु,

२) पिसुनवाचा अर्थात् चुगली कुरा गर्नु, मिलेकाहरूलाई छुत्याइदिनु,

३) फरूसवाचा अर्थात् अरूको मनमा बिझ्ने किसिमको कडा र अपशब्द बोल्नु, गाली गर्नु,

४) सम्पप्फलापवाचा अर्थात् काम नलाग्ने व्यर्थको निन्दाचर्चा गर्दै हिंड्नु, नचाहिंदा गफ गर्दै बस्नु ।

---

५४. भिक्षु संघरक्षित स्थविर, *अनित्य स्मरण* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७), पृ. २९ ।

५५. भिक्षु संघरक्षित, *सिइमाःगु जीवनय् बुद्धया अमृतोपदेश* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६०), पृ. ६६ ।

मनबाट हुने पापकर्म

शरीर र बोलीवचनबाट गरिने पापकर्मजस्तै मनबाट सम्पन्न हुने पापकर्म पनि छन्, जुनलाई त्याग्नुपर्ने कुरामा भगवान् बुद्ध जोड दिनुहुन्छ। ती मनद्वारा हुने पापकर्म मुख्यतः तीन प्रकारका रहेको कुरा बौद्ध वाङ्मयमा उल्लेख गरिएको छ। ती हुन्–[५६]

१) **अभिज्भा** अर्थात् अरूको सुखसम्पतिमा लोभ राख्नु,

२) **व्यापाद** अर्थात् अरूको लाभ र उन्नतिमा ईर्ष्या राख्नु, मनमा द्वेष भावना जगाएर रिसाउनु,

३) **मिच्छादिट्ठि** अर्थात् कर्म र कर्मफलमा विश्वास नगर्नु, उल्टो धारणाले उल्टो उल्टो बुझ्नु।

अतिमार्ग त्याग्ने धर्म

भगवान् बुद्धले दश पारमिताधर्म परिपूर्ण गर्नुभई बोधिबृक्षको काखमा बस्नु भएर बुद्धत्व ज्ञान लाभ गर्नुभयो। उहाँ बुद्ध भइसकेपश्चात् सर्वप्रथम पञ्चभद्रवर्गीय भन्ने पाँचजना ब्राह्मणहरूलाई उपदेश दिने क्रममा दुई अति मार्ग अथवा धर्मलाई त्याग्नुपर्ने उपदेश आज्ञा गर्नुभयो। ती दुई अतिमार्ग, छोड्नुपर्ने धर्म हुन्–[५७]

१. **कामेसुकाम सुखल्लिकानुयोग** अर्थात् पञ्चकाम विषयमा आशक्त भएर भोगविलासितामय जीवन यापन गर्नु। त्यसो भनेको मतलब आँखाले रूप हेरी, कानले शब्द सुनी, नाकले गन्ध सुँघी, जिब्रोले स्वाद लिई अनि शरीरले स्पर्श लिई पल्केर नबस्नु, मोहित नबन्नु हो।

२. **अत्तकिलमथानुयोग** अर्थात् शरीरलाई नचाहिने तवरले अति दुःख दिएर पनि धर्म लाग्छ भन्ने अन्धविश्वासलाई विश्वास गर्नु। जस्तो कि खाँदै नखाई दुष्करचर्या गर्नु, आदि।

---

५६. पूर्वोक्त पादटिप्पणी ५४, पृ. ३०

५७. भिक्षु संघरक्षित, *बौद्ध चेतना* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६१), पृ. १२

हृदय प्रसन्न हुनु धर्म

धर्मको व्याख्या गर्नेहरूले भन्ने गर्दछन्– **हृदयं पुनातीति पुण्यं** अर्थात् अरूलाई कुनै किसिमले दुःख नदिनु, पाप–काम नगरी मनलाई कपाससरि हलुको बनाउनु, मन प्रसन्न हुने जुन स्वभाव हो, त्यही नै धर्म हो । त्यसो भनेको, मन प्रसन्न भएको पनि राम्रो काम गरेकोबाट हुनुपर्छ, नराम्रो काम गरेर कुनै किसिमले फाइदा प्राप्त गरेर चाहिँ पक्कै होइन ।[५८]

बुद्धधर्म के हो ?

बुद्धको जन्मभूमि नेपालमा बसिरहेका हामी । त्यसैले पनि हामीले झन् बुझ्नै पर्‍यो नि, बुद्धको धर्म भनेको के हो ? स्वदेशी होस् वा विदेशी, प्रायः मानिसहरूले यी प्रश्नहरू राखिरहने गर्दछन् । वास्तवमै, बुद्धधर्म भनेको के हो त ?

महामानव भगवान् बुद्धले बुद्धत्व ज्ञान प्राप्त गरिसकेपश्चात् आफ्नो जीवनपर्यन्त (४५ वर्षसम्म) सर्वसाधारण मानिसहरूको दुःख, कष्ट, पीडा, उत्पीडन आदिलाई हटाउन प्रकाशमा ल्याउनु भएको हितकारी–बहुपकारी तथा यथार्थ कल्याण एवं मंगलकारी उपदेश नै धर्म हो । यो धर्म भनेको सम्पूर्ण जाति, जरा, व्याधि, मरणरूपी दुःखबाट मुक्त भएको, काम क्रोध लोभ मोह अनि अहंकाररूपी आस्रव–क्लेशबाट छुटकारा पाउने एउटा ठूलो खुड्किला नै साबित भएको छ ।[५९]

धर्मका मूल गुणहरू

शान्तिनायक महामानव भगवान् बुद्धद्वारा देखाइएको धर्मका अनन्त गुणहरू छन् । त्यसमध्ये बौद्ध ग्रन्थमा उल्लिखित धर्मका प्रमुखतः ६ वटा गुणहरू यसप्रकार छन् –[६०]

---

५८. भिक्षु संघरक्षित, *बुद्धधर्ममा त्रिरत्नः एक अध्ययन* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६३), पृ. ४१

५९. पूर्वोक्त पादटिप्पणी ४५, पृ. १७

६०. भिक्षु संघरक्षित, *बौद्ध संगालो* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५८), पृ. ३८

१. **स्वाक्खातो** अर्थात् आदि, मध्य र अन्त्यसम्म कल्याण हुने भगवान् बुद्धद्वारा राम्ररी देशना गर्नु भएको धर्म,

२. **सन्दिट्ठिको** अर्थात् यसै जन्ममा यहाँको यहीं फल दिने धर्म,

३. **अकालिको** अर्थात् समय नबित्दै प्रत्यक्ष फल दिने धर्म,

४. **एहिपस्सिको** अर्थात् आऊ, हेर भनी परीक्षण गर्न योग्य धर्म,

५ **ओपनयिको** अर्थात् निर्वाणसम्म पुऱ्याइदिने धर्म,

६. **पच्चतं वेदितब्बो विञ्जूहि** अर्थात् विद्वान्हरूले आफ्नै अनुभवद्वारा बुझ्न योग्य धर्म ।

धर्म र धर्मको मर्मलाई राम्ररी जानेर जीवन जिउन सकेमा जीवन पनि वास्तविक जीवनसरि हुनेछ, सुख–शान्तिले आनन्दमय जीवन यापन गर्न पाउनेछ, अनि यावत् दुःखलाई जानेर त्यसको जडसमेतलाई उखेलेर फाल्न सक्नेछ। जीवन धन्य हुनेछ। दुर्लभ मनुष्य जन्म सार्थक हुनेछ, सफलिभूत हुनेछ।

बुद्धका अमृतोपदेशहरू

महाकारूणिक महामानव बुद्धले जति पनि उपदेशहरू दिनुभयो, जति पनि शिक्षा सिकाउनु भयो, ती सबै हामी जस्ता दुखित मानिसहरूलाई दुःखमुक्त गराउनका लागि नै थियो, जीवन आनन्दमय बनाउनका लागि नै थियो। उहाँले बहुजन हिताय बहुजन सुखायका निम्ति नै आजीवन चारिका गर्नुभई उपदेशहरू दिनु भएको थियो। यसर्थ पनि हामी सहजै भन्न सक्छौं, उहाँका ती सारा उपदेश तथा शिक्षाहरू अमृतोपदेश नै हुन्। यहाँ केही कुराहरूलाई मात्र चर्चामा ल्याइएको छ।

अरूको गल्ति खोज्दै नहिंड्नु

अरूको दोष तथा गल्तीलाई केलाउँदै हिंड्नु ठीक होइन। यसले आफ्नो मनलाई फोहोर बनाइदिन्छ, रिस–राग जस्ता क्लेश उत्पन्न गराइदिन्छ। अर्काले के गऱ्यो, के गरेन भनी हेर्नुभन्दा बरू आफ्नै दोष तथा गल्तीहरूलाई केलाउनु उत्तम हुन्छ।

भगवान् बुद्धले दिनु भएको उपदेश धम्मपद ग्रन्थको पुप्फवर्गमा यसरी आएको छ–

न परेसं विलोमानि, न परेसं कताकतं ।
अत्तनोव अवेक्खेय्य, कतानि अकतानि च ॥[६१]

अर्थात्– अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गऱ्यो के गरेन भनी हेर्नु नै बेस छ ।[६२]

हामी अरूको दोष तुरुन्तै थाहा पाउन सक्छौं तर आफ्नो दोषलाई भने नदेखे जस्तो गर्दछौं अथवा भनौं न, अरूले देख्लान्, थाहा पाउलान् भनेर छोपी छोपी हिड्छौं । अरूको दोष होइन, आफूभित्र रहेको दोषलाई दोष भनी राम्ररी थाहा पाउनु पऱ्यो, त्यसलाई हटाउनु पऱ्यो । पुनः पुनः त्यस्ता कुरालाई आफ्नो जीवनमा नदोहोऱ्याउनु पऱ्यो । यही बुद्धको शिक्षा हो ।

भगवान् बुद्धले दिनु भएको उपदेश धम्मपद ग्रन्थको कसरवर्गमा यसरी आएको छ–

सुदस्सं वज्जं अञ्ञेसं, अत्तनो पन दुद्दसं ।
परेसं हि सो वज्जानि, ओपुणाति यथा भुसं ।
अत्तनो पन छादेति, कलिंव कितवा सठो ॥[६३]

अर्थात्– अर्काको दोष देख्न सजिलो छ, किन्तु आफ्नो दोष देख्न गाऱ्हो छ । अर्काको दोष भने हिम छरेसरि छरेर हिंड्छ तर आफ्नो दोषचाहिं जाली जुवाले पासा छोपेझैं छोप्दछ ।[६४]

क्रोधलाई मैत्रीले जित्नु

आजको समयमा आएर भगवान् बुद्धका एक एक उपदेश अति महत्त्वपूर्ण तथा अत्यावश्यक भइरहेको कुरालाई त जो कोहीले पनि महसूस

६१. पूर्वोक्त पादटिप्पणी १८, पृ. १९: पुप्फवग्गो
६२. पूर्वोक्त पादटिप्पणी १९, पृ. २४
६३. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४५: मलवग्गो
६४. पूर्वोक्त पादटिप्पणी १९, पृ. ११६

गरिरहेकै कुरा होलान् । जसरी पनि आफूमात्र विजयी हुने स्वभाव हुनेलाई भगवान् बुद्धले सहीरूपमा विजयी हुने उपदेश यसरी दिनुहुन्छ -

अक्कोधेन जिने कोधं–असाधुं साधुना जिने ।
जिने कदरियं दानेन–सच्चेन अलिकवादिनं ॥[६५]

अर्थात्– "क्रोधलाई अक्रोधले जित्नुपर्छ, खराबलाई असलले जित्नुपर्छ, कंचुसलाई दानले जित्नुपर्छ र झूठोलाई सत्यले जित्नुपर्छ ।"[६६]

गल्ति स्वीकारेर फेरि नदोहोऱ्याउनु

मानिस न हो, समाज तथा परिवारको जाल–जंजालमा अल्मलिनै रहने रहेछ । यही क्रममा मानिसहरूले कहिलेकाहीं त्यस्ता काम–कुरा पनि गर्न पुग्दछन्, जुन काम–कुराको सम्झनामात्रले पनि मन गऱ्हुंगो भएर आउँछ, छटपटी बढेर आउँछ अनि आफू–आफूमै डराएको झैं, लजाएको झैं हुनथाल्छ ।

मानिस हो, राम्रा–नराम्रो भनेको भइनै रहन्छ । कुरा यति हो कि एउटा दोषलाई छोप्नको लागि फेरि फेरि अरू हजारौं दोषपूर्ण कामकुरा गर्दै जानु मानवगुण होइन, न त मानवधर्म नै हो । बुद्धको उपदेश त सदा यसरी नै थियो– "कुनै अपराध गरेको भए त्यसलाई स्वीकार गर्नु, फेरि कहिल्यै त्यस्तो अपराध नदोहोऱ्याउनू, यही नै आर्य गृहस्थको कर्तव्य हो ।"

भगवान् बुद्धको उपदेश धम्मपद ग्रन्थमा यसरी आएको छ–

अत्तना'व कतं पाप–अत्तना संकिलिस्सति ।
अत्तना अकतं पापं–अत्तना'व विसुज्झति ।
सुद्धी असुद्धी पच्चतं–ना'ञ्ञो अञ्ञं विसोधये ॥[६७]

अर्थात्– आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ । शुद्धि हुने र अशुद्धि हुने आफ्नै द्वारबाट हो, कसैले अरू कसैलाई शुद्ध पार्न सक्दैन ।[६८]

६५. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४१: कोधवग्गो
६६. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०४
६७. पूर्वोक्त पादटिप्पणी १८, पृ. ३४: अत्तवग्गो
६८. पूर्वोक्त पादटिप्पणी १९, पृ. ७६

दुःख-सन्ताप हुने कुरा नबोल्ने

भगवान् बुद्धले असत्य कुरा बोल्न नहुने कुरामा जोड दिनु भएको छ। पञ्चशील अन्तर्गत पनि चौथो शीलको रूपमा यसरी आएको छ–

मुसावादा वेरमणी सिक्खापदं समादियामी अर्थात् असत्य कुरा नबोल्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु।[६९]

भगवान् बुद्धले ख्याल–ख्यालैमा पनि असत्य कुरा बोल्न नहुने उपदेश दिनु भएको छ। भगवान् बुद्धको उपदेश धम्मपद ग्रन्थमा यसरी आएको छ–

सच्चं भणे न कुज्झेय्य, दज्जा'प्पस्मिम्पि याचितो।
एतेहि तीहि ठानेहि, गच्छे देवान'सन्तिके॥[७०]

अर्थात्– सत्य बोल्नु, क्रोध नगर्नु र माग्न आउँदा अलिकति भए पनि दिनु, यी तीन कामले मनुष्य देवलोकमा जान्छ।[७१]

अभूतवादी निरयं उपेति, यो वापि कत्वा न करोमि चाह।
उभोपि ते पेच्च समा भवन्ति, निहीनकम्मा मनुजा परत्थ॥[७२]

अर्थात्– असत्यवादी नरकमा जान्छ, गरेर पनि गरेको छैन भन्ने पनि नर्क जान्छ, यी दुबै प्रकारका नीच काम गर्ने मानिसहरू मृत्युपछि समान हुन्छ।[७३]

असत्य कुरा होइन, सत्य कुरा गर्नुपर्छ, आफ्नो र अरूको पनि हित र कल्याण हुने सुभाषित वचन बोल्नुपर्छ। सुभाषित वचनलाई स्पष्ट पार्नुहुँदै भगवान् बुद्धले भन्नुभएको छ– त्यही कुरो बोल्नुपर्छ, जसबाट आफूलाई सन्ताप नहोस्, अरूलाई दुःख नहोस्। यही नै सुभाषित वाक्य हो।

असत्य नबोल्ने, झुठो नबोल्ने शिक्षापद बुद्धशिक्षामा रहेको छ। यसका बावजूद पनि, अरूको हित तथा उपकारका लागि राम्रो मनसायले

६९. भिक्षु संघरक्षित, बुद्धधर्ममा पञ्चशील (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६४), पृ. ६
७०. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४१: कोधवग्गो
७१. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०४
७२. पूर्वोक्त पादटिप्पणी १८, पृ. ५२: निरयवग्गो
७३. पूर्वोक्त पादटिप्पणी १९, पृ. १४१

असत्य कुरा गरिहालेमा पनि पाप नलाग्ने तथा अरूको हानी र अप्रिय हुने सत्यवचन भएर पनि पाप हुनसक्ने कुरा पनि यहाँनिर स्मरणीय हुनआउँछ ।

यहाँ चाहे राम्रो बोलोस् अथवा नराम्रो, थोरै बोलोस् अथवा धेरै, जस्तो सुकै व्यक्तिलाई पनि यहाँ निन्दा र प्रशंसा भनेको भइनै रहने हुन्छ । यसर्थ त भगवान् बुद्धले अतुल उपासकलाई उपदेश दिनुहुँदाको सन्दर्भमा यसरी भन्नु भएको छ–

पोराणमे‘तं अतुल–ने‘तं अज्जतनामि‘व ।
निन्दन्ति तुण्हिमासीनं–निन्दन्ति बहु भाणिनं ।
मितभाणिनम्पि निन्दन्ति–नत्थि लोके अनिन्दितो ॥[७४]

अर्थात्– हे अतुल ! यो पुरानो कुरा हो, अहिलेको होइन । नबोल्नेलाई पनि, धेरै बोल्नेलाई पनि, मितभाषीलाई पनि निन्दा गर्छन्, यो लोकमा कोही पनि निन्दारहित हुँदैन ।[७५]

न चा‘हु न च भविस्सति–न चे‘तरहि विज्जति ।
एकन्तं निन्दितो पोसो–एकन्तं वा पसंसितो ॥[७६]

अर्थात्– बिल्कुल निन्दित वा बिल्कुल प्रशंसित पुरूष न उहिले थियो, न कहिल्यै थियो, न आजकल हुन्छ ।[७७]

आफ्नै मन जित्ने विजयी

हामी दुनियाँलाई जित्नतिर लाग्छौं तर विजयी कहिल्यै हुन सक्दैनौं । वास्तवमा, अरूलाई जित्नु त्यो कुनै ठूलो कुरा नहुँदो रहेछ । आफूले आफैलाई राम्रोसँग जित्न सक्यो भने त्यही सही विजयी हुँदो रहेछ ।

भगवान् बुद्धले यही कुरालाई जोड दिनुहुँदै यसरी उपदेश दिनु भएको छ–

७४. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४२ः कोधवग्गो
७५. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०६
७६. पूर्वोक्त पादटिप्पणी १८, पृ. ४२
७७. पूर्वोक्त पादटिप्पणी १९, पृ. १०६

यो सहस्सं सहस्सेन, सङ्गामे मानुसे जिने।
एकञ्च जेय्यमत्तानं, स वे सङ्गामजुत्तमो॥[७८]

अर्थात्– "युद्धमा हजारौं सैनिकहरूलाई जित्नुभन्दा आफैंलाई जित्ने व्यक्ति नै साँच्चैको विजयी हो ।"[७९]

भगवान् बुद्धले आफ्नो चंचल मनलाई संयमित तथा स्मृतिपूर्ण गर्नुपर्ने, मनको पछि पछि आफू होइन, मनलाई आफ्नो पछि लगाउनुपर्ने, आफूमाथि आफै विजयी हुन सक्नुपर्ने विशेष कुरामा जोड दिनु भएको छ ।

जन्मले होइन, कर्मले उच्च-नीच हुने

जातभेद, उच्–नीचको सामाजिक असन्तुलन आज पनि हाम्रै देशका कुनै कुनै ठाउँमा विद्यमान रहेको कुरालाई हामी जान्दछौं, बुझ्दछौं। यद्यपि यस भेदभावलाई सरकारी स्तरबाट समेत रोकथाम गरिसकेको हुँदा उल्लेखनीयरूपमा कमी पनि आइसकेको छ। तत्कालीन भगवान् बुद्धको समयमा पनि यस्तो भेदभावपूर्ण समाज छँदै थियो। बुद्ध यसका विरोधी थिए।

भगवान् बुद्ध कुनै जातभेदलाई मान्नु हुन्नथ्यो। उहाँले आफ्नो भिक्षु–संघमा ठूलठूला राजाहरूलाई समावेश गर्नु भएको छ भने तत्कालीन समाजका नीच् भनाउँदा व्यक्तिहरूलाई पनि समावेश गर्नु भएको छ, भिक्षु–भिक्षुणी बनाउनु भएको छ।

जन्मले कोही उच्च र जन्मैले कोही नीच् नहुने कुरालाई भगवान् बुद्धले विशेषरूपमा उपदेश दिनुहुन्थ्यो। उहाँले यस विषयमा उपदेश दिनु भएको कुरा सुत्तनिपात ग्रन्थ उरगवग्गभित्र वसल सुत्तमा यसरी आएको छ–[८०]

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो॥

अर्थात्– "जन्मले मात्रै चण्डाल हुँदैन, न जन्मले कोही ब्राह्मण नै हुन्छ। कर्मले नै मानिस चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ।"

---

७८. पूर्वोक्त पादटिप्पणी १८, पृ. २६ः सहस्सवग्गो
७९. पूर्वोक्त पादटिप्पणी १९, पृ. ४७
८०. धर्मरत्न शाक्य (अनु.), सुत्तनिपात (ललितपुर, कुलनरसिंह शाक्य, २०४९), पृ. ३०

बस्तुले होइन, राम्रो व्यवहारले पूजा गर्ने

भगवान् बुद्धले मूर्तिपूजा तथा पूजा-आजामा कहिल्यै जोड दिनु भएन। उहाँले सदैव आफ्ना अनुयायीहरूलाई प्रतिपत्ति अर्थात् धर्मको अभ्यासमा जोड दिनुभयो।

त्यसो भएता पनि, भगवान् बुद्धको महापरिनिर्वाण (देहावसान)पश्चात् बुद्धका यतिधेरै मूर्तिहरू बन्दै गए कि आज आएर संसारमा अरू देवीदेवताहरूको तुलनामा उहाँकै मूर्तिहरू अत्यधिक संख्यामा रहेका छन्। यसको मूल कारण यो पनि हो कि मानिसहरूलाई ज्ञानगुणका कुराहरू, उपदेशहरूभन्दा पनि पूजा मनपर्छ, भक्तिभाव मनपर्छ।

बुद्धको मौलिक उपदेश त यसरी रहेको छ- "धूप दिप नैवेद्यले पूजा गर्दैमा तथागतलाई सत्कार र पूजा गरेको ठहरिँदैन। जसले धर्मअनुसार आचरण गर्छ, उसैले तथागतलाई पूजा गरेको ठहरिन्छ।"

यसर्थ पनि, विहार-विहारहरूमा बुद्धपूजा गर्ने क्रममा गाथाद्वारा यस्तो प्रतिबद्धता पनि जाहेर गरिन्छ-[८१]

इमाय धम्मानुधम्मपटिपत्तिया बुद्धं पूजेमि।
इमाय धम्मानुधम्मपटिपत्तिया धम्मं पूजेमि।
इमाय धम्मानुधम्मपटिपत्तिया संघं पूजेमि।
अद्धा इमाय पटिपत्तिया जाति जरा व्याधि मरणम्हा, परिमुच्चिस्सामि।

अर्थात्- यस धर्म अनुकूल धर्म आचरणद्वारा बुद्धलाई पूजा गर्दछु।
यस धर्म अनुकूल धर्म आचरणद्वारा धर्मलाई पूजा गर्दछु।
यस धर्म अनुकूल धर्म आचरणद्वारा संघलाई पूजा गर्दछु।
यस धर्म अनुकूल धर्म आचरणद्वारा अवश्य पनि म जन्म, जरा, व्याधि, मरणबाट मुक्त हुन सक्ने होऊँ।

---

८१. भिक्षु संघरक्षित, *बौद्ध ज्ञान* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६४), पृ. ३७

आँखा चिम्लेर नस्वीकार्नु

जुनै कुरा होस्, जुनै धर्म होस्, जति नै बाह्यरूपमा राम्रो लागेको होस्, त्यसलाई आँखा चिम्लेर स्वीकार गर्नु हुँदैन । यो मनुष्य जुनि भनेको अति नै सर्वश्रेष्ठ र दुर्लभ रहेको छ ।

एकजना बालक स्कूलमा फेल भयो भने उसको लागि पनि ठूलो समस्या होइन, उसले फेरि अर्को वर्षमा परीक्षा दिनसक्छ ।

कहीँ बाहिर जानुपर्ने तर बस छुट्यो भने पनि त्यो ठूलो समस्या होइन, फेरि ऊ अर्को बसमा जानसक्छ ।

यदि विदेश जानुपर्ने तर एअरपोर्टमा पुग्दापुग्दै हजाइजहाज नै छुटेमा पनि खासै ठूलो समस्या होइन, ऊ अर्को हवाइजहाजबाट जानसक्छ ।

तर, एकपल्ट हाम्रो जीवन नराम्रो बाटोमा लागेर बित्यो कि बित्यो, बित्यो । सक्यो कि त सक्यो, सक्यो । पछि गएर 'ल, मेरो जीवन त नराम्रो बाटोमा लागेर बित्यो, अब एकपल्ट त्यो समय फर्केर आए हुन्थ्यो, अब त म राम्रो बाटोमा लाग्नेछु' भनेर पश्चात्ताप गर्दैमा त्यो समय र त्यो बितिसकेको अवस्था पुनः फर्केर आउने गर्दैनन् ।

यसर्थ त महामानव भगवान् बुद्ध कुनै पनि कुरा र धर्मलाई स्वीकार गर्नु अगाडि बडो सजग र सतर्क हुनुपर्ने कुरामा जोड दिनुहुन्छ । उहाँले झट्टै स्वीकार गर्न नहुने कुराको विषयमा अंगुत्तरनिकाय ग्रन्थको केसमुत्तिसुत्तमा यसरी आएको छ–[८२]

– नसुनेको कुरा हुँदैमा स्वीकार नगर्ने,
– परम्परादेखि चलिआएको भन्दैमा स्वीकार नगर्ने,
– यसरी भनेको छ भन्दैमा स्वीकार नगर्ने,
– ग्रन्थमा उल्लेख भएको छ भन्दैमा स्वीकार नगर्ने,
– तर्क सम्मत छ भन्दैमा स्वीकार नगर्ने,
– न्याय सम्मत छ भन्दैमा स्वीकार नगर्ने,

---

८२. पूर्वोक्त पादटिप्पणी २८, पृ. १९१: केसमुत्तिसुत्त ।

– आकार प्रकार राम्रो छ भन्दैमा स्वीकार नगर्ने,
– मतको अनुकूल छ भन्दैमा स्वीकार नगर्ने,
– आकर्षक व्यक्तित्व छ भन्दैमा स्वीकार नगर्ने, र
– हाम्रो श्रमण पूज्य छन् भन्दैमा स्वीकार नगर्ने ।

लोभ हटाउन दान दिने

लोभले दुःखलाई आमन्त्रण गर्दछ । लोभले पापको भारीलाई बोकाइदिन्छ । जहाँ लोभ हुन्छ, त्यहाँ आसक्तता हुन्छ, तृष्णा हुन्छ । जहाँ तृष्णा हुन्छ, त्यहाँ नराम्रो पापकर्म हुन्छ । जहाँ पाप हुन्छ, त्यहाँ दुःख हुन्छ, नराम्रो विपाक हुन्छ । अझ भगवान् बुद्धले यसरी उपदेश गर्नु भएको छ– "लोभी मानिसले न त शोक त्याग गर्न सक्छ, न त दुःख र दाह नै ।"

यो लोभलाई हटाउने एउटै मार्ग, एउटै साधन र एउटै उपाय भनेको नै दान हो, त्याग हो । यसर्थ, आफ्नो श्रद्धा र गच्छेअनुसार अरूको हित र उपकारको लागि दान दिन जान्नु पर्दछ ।

तसर्थ, भगवान् बुद्ध भन्नुहुन्छ– **दानं ददन्तु सद्धाय**[८३] अर्थात् दान भनेको श्रद्धाचित्तले दिनुपर्छ, त्यागचित्तले दिनुपर्छ, लोभचित्त हटाउने मनसायले दिनुपर्छ । यस्तै दानले मात्र हाम्रो वास्तविक कल्याण गर्दछ ।

दुर्लभ जीवन

निश्चय पनि, मनुष्य जुनि दुर्लभ छ । यो जीवन अमूल्य छ, सर्वश्रेष्ठ छ । यो जीवनलाई व्यर्थमा फाल्नु, पशुवत् जीवन बिताउनु हाम्रो लागि ठूलो परिहानिको कुरा हो ।

मनुष्य जीवन पाउनु दुर्लभ हो भने यहाँ वास्तविक मानिस भई बाँच्न सक्नु पनि दुर्लभ हो । अझ यस्तो उत्कृष्ट जीवनमा धर्मको कुरा सुन्न पाउनु, बुझ्न पाउनु पनि दुर्लभ हो । अझ संसारमा महामानव भगवान् बुद्धको जन्म हुनु दुर्लभ हो । एक पटक यो संसारमा बुद्धको जन्म हुँदा लाखौं, करोडौं प्राणीहरू दुःखबाट मुक्त भएर जाने हुन्छ ।

---

८३. भिक्षु संघरक्षित स्थविर, *संक्षिप्त बौद्ध पाठ* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६६), पृ. २३

जीवन दुर्लभ छ। बुद्धको जन्म दुर्लभ छ। यस्तो जीवनमा राम्रो धर्म सुनेर, बुझेर त्यसको अभ्यास गर्न पाए त्यो ज्यादै सुखकर हुने गर्दछ। यी-यस्ता विषयमा भगवान् बुद्धको उपदेश धम्मपद ग्रन्थमा यसरी समेटिएको छ–

सुखो बुद्धानं उप्पादो, सुखा सद्धम्मदेसना ।
सुखा संघस्स सामग्गी, समग्गानं तपो सुखो ॥[८४]

अर्थात्– बुद्धहरूको जन्म हुनु सुखदायक हो, सद्धर्मको उपदेश सुखदायक हो औ एकतायुक्तहरूको तपस्या पनि सुखदायक हो।[८५]

संसारमा लाखौं, करोडौं, अरबौं, खरबौं मानिसहरू छन्। अझ भनौं, अनगिन्ती मानिसहरू छन् यहाँ। तर यी अनगिन्ती मानिसहरूमध्ये वास्तविकरूपले राम्रो, ज्ञानी मानिसहरू निकै कममात्र हुने गर्दछन्। तसर्थ यस्ता उत्तम मानिस पनि संसारमा दुर्लभ हुने गर्छ। यस्ता मानिसहरूको जन्म जुन ठाउँमा हुन्छ, त्यो पूरै वातावरण सुखमय हुने कुरा निश्चित छ।

धम्मपद ग्रन्थमा भगवान् बुद्धको उपदेश यसरी आएको छ–

दुल्लभो पुरिसा‘जञ्ञो–न सो सब्बत्थ जायति ।
यत्थ सो जायति धीरो–तं कुलं सुखमे‘धति ॥[८६]

अर्थात्– उत्तम पुरूष दुर्लभ छ, त्यसको सबै ठाउँमा जन्म हुँदैन। जुन कुलमा यस्ता महापुरूषको जन्म हुन्छ, त्यस कुलमा सुख बृद्धि हुन्छ।[८७]

उपसंहार

भन्नुपर्दा, शान्तिका अग्रनायक भगवान् बुद्धद्वारा उपदेश गरिएका शिक्षाहरू बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित, सुख र कामको लागि सर्वदा लाभदायी र कल्याणकारी बनेको छ। उहाँद्वारा देशना भएका ८४,००० धर्मस्कन्धहरू[८८] त्रिपिटक ग्रन्थभित्र समेटिएको छ, जुन सबै एकसेएक राम्रा छन्, लाभदायी रहेका छन्। भगवान् बुद्धका ती अनगिन्ती वचनहरूलाई चिन्तन-मननद्वारा

८४. पूर्वोक्त पादटिप्पणी १८, पृ. ३७: बुद्धवग्गो
८५. पूर्वोक्त पादटिप्पणी १९, पृ. ९०
८६. पूर्वोक्त पादटिप्पणी १८, पृ. ३७
८७. पूर्वोक्त पादटिप्पणी १९, पृ. ८९

जानेर बुझेर व्यवहारमा उतार्न सकेमा हाम्रो अल्पमय किन्तु दुर्लभ मानवजीवन सार्थक हुनेछ, सुख–सुविधापूर्वक सबैसँग मिलेर बस्नसक्छ अनि सम्पूर्ण भवदु:खबाट समेत पार लाग्न सकिन्छ। नत्र त, बुद्धको उपदेशमात्र जान्ने, बुझ्ने, कण्ठस्थसमेत पार्ने तर व्यवहारमा भने केही पनि पालना नगर्ने हो भने त्यसको कुनै औचित्य हुँदैन, कुनै फाइदा पनि रहँदैन। यस्तो मानिस त त्यो व्यक्ति समान हुन्छ, जसले मेहेनतका साथ मालिकको गाईहरूलाई पहाड–कन्दरा–जंगलमा डुलेर चराउन त लान्छ तर दूध खाने बेलामा मालिकले खान्छ, आफूले खान पाउँदैन। बुद्धोपदेशको मूल सार यसरी रहेको छ–

सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा।
सचित्त परियोदपनं, एतं बुद्धानसासनं ॥[८९]

अर्थात्– कुनै प्रकारको पापकर्म नगर्नु, राम्रो कुशलकर्म गर्नु र आफ्नो मनलाई सर्वदा परिशुद्ध पार्नु, यही बुद्धहरूका उपदेश हुन्।[९०]

सन्दर्भ स्रोतका ग्रन्थहरू (Bibliography)

१. भिक्षु संघरक्षित, *वैशाखपूर्णिमा बुद्धपूर्णिमा,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५८।

२. वज्राचार्य, प्रकाश, *बौद्ध दर्पण,* काठमाडौं, बुद्धजयन्ती समारोह समिति र धर्मकीर्ति प्रकाशन, २०५३।

३. भिक्षु संघरक्षित, *दु:खमुक्ति मार्ग–आर्यसत्य: एक जिज्ञासा,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६३।

४. वज्राचार्य, दुण्डबहादुर (अनु.), *दीघनिकाय,* ललितपुर, वीर–पूर्ण पुस्तक संग्रहालय, २०५६।

५. भिक्षु संघरक्षित, *मानव जीवनय् बुद्धशिक्षा,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन–४०, २०६४।

६. भिक्षु संघरक्षित स्थविर, *ब्रह्मजाल सूत्र: एक अध्ययन,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७।

७. वज्राचार्य, दुण्डबहादुर (अनु.), मज्झिमनिकाय, ललितपुर, वीर–पूर्ण पुस्तक संग्रहालय, २०५४।

८. मानन्धर, नानीमैंया (अनु.), *मग्गङ्ग दीपनी,* काठमाडौं, गंगा लक्ष्मी धाख्वासहित, २०४२।

९. भिक्षु संघरक्षित, *महामानव बुद्ध,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६२।


---

८८. भिक्षु संघरक्षित, *विनयपिटक: एक अध्ययन* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन–४१, २०६५), पृ. ९६

८९. पूर्वोक्त पादटिप्पणी १८, पृ. ३६: बुद्धवग्गो

९०. पूर्वोक्त पादटिप्पणी १९, पृ. ८६

१०. भिक्षु संघरक्षित, *प्रारम्भिक बौद्ध जिज्ञासा,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६५।
११. *सुत्तपिटके खुद्दकनिकाये धम्मपदपालि,* इगतपुरी, विपश्यना विशोधन विन्यास, ई.सं. १९९८।
१२. भिक्षु अमृतानन्द (अनु.), *धम्मपद,* काठमाडौं, आनन्दकुटी विहार गुठी, २०५७।
१३. भिक्षु संघरक्षित, *बौद्ध सामान्य ज्ञान,* (बुद्धजीवनी विशेष), काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७।
१४. भिक्षु संघरक्षित, *बुद्धकालीन दश अग्रणी नारीहरू,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन–४२, २०६५।
१५. भिक्षु अमृतानन्द, केशवलाल कर्माचार्य (अनु.), *संक्षिप्त बुद्ध–जीवनी,* काठमाडौं, आनन्दकुटी विहारगुठी, २०३९।
१६. भिक्षु बोधिसेन (अनु.), *अंगुत्तरनिकाय –प्रथम भाग,* काठमाडौं, ज्ञानज्योति कंसाकार, लक्ष्मीप्रभा कंसाकार, २०५८।
१७. भिक्षु संघरक्षित, *पथप्रदर्शक,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५७।
१८. भिक्षु संघरक्षित, *श्रद्धाधन,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५७।
१९. मानन्धर, नानीमैंया (अनु.), नियाम–दीपनी, काठमाडौं, भिक्षु अनिरूद्ध महास्थविरसहित समूह,२०४०।
२०. भिक्षु संघरक्षित, *बुद्धापदेश,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५६।
२१. भिक्षु संघरक्षित, *शान्तिको लागि बुद्धशिक्षा,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६६।
२२. भिक्षु संघरक्षित, *धर्म के हो ?,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७।
२३. भिक्षु संघरक्षित स्थविर, *अनित्य स्मरण,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६७।
२४. भिक्षु संघरक्षित, *सिइमाःगु जीवनय् बुद्धया अमृतोपदेश,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६०।
२५. भिक्षु संघरक्षित, *बौद्ध चेतना* (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६१), पृ. १२
२६. भिक्षु संघरक्षित, *बुद्धधर्ममा त्रिरत्नः एक अध्ययन,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६३।
२७. भिक्षु संघरक्षित, *बौद्ध संगालो,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०५८।
६८. भिक्षु संघरक्षित, बुद्धधर्ममा पञ्चशील (काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६४), पृ. ६
२९. भिक्षु संघरक्षित स्थविर, *संक्षिप्त बौद्ध पाठ,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६६।
३०. भिक्षु संघरक्षित, *विनयपिटकः एक अध्ययन,* काठमाडौं, सत्यसन्देश प्रचारक प्रकाशन, २०६५।
३१. शाक्य, धर्मरत्न (अनु.), *सुत्तनिपात,* ललितपुर, कुलनरसिंह शाक्य, २०४९।



Dhamma Aid Asia

सत्यसन्देश प्रचारक प्रकाशनका प्रकाशित पुस्तकहरू



सम्पर्क/विस्तृत जानकारीका लागि
भिक्षु संघरक्षित स्थविर
"परियत्ति सद्धम्म कोविद"
आनन्द भुवन विहार, स्वयम्भु,
पो.ब.नं. ११६१६
फोन: ४६७१६२३, ९८४१-२२५२४२

ISBN 993781275-5
9 789937 812757